*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६१
नेपाल सम्बत् ११३८
इस्वी सम्बत् २०१८
बिक्रम सम्बत् २०७४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**1st MAR 2018**

| वर्ष- ३५ | अङ्क- ११ | फागु पुन्हि | फागुन २०७४ |
|---|---|---|---|





हाडको नगर बनाई त्यसमा मासु र रगतको लेप लगाइएको जसमा बृद्धत्त्व, मृत्यु, अभिमान र कपट आदि लुकाइएका छन् ।

सुसज्जित राजाको रथ जीर्ण भएर गए भैं यो शरीर पनि जीर्ण भएर जान्छ । तर साधु सन्तको धर्म जीर्ण हुँदैन । सन्तहरू सन्तकै अगाडि यही कुरा बताउँछन् ।

अज्ञानी मानिस गोरू भैं बढ्छ । मासु मात्र बढ्छ, तर प्रज्ञा बढ्दैन ।

सर्वप्रथम आफूलाई उचित मार्गमा लगाउनु त्यस पछि मात्र अरूलाई उपदेश दिनु । यस्तो गर्ने पण्डितमा क्लेश हट्दै जानेछ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# मति राम्रो भए गति राम्रो हुन्छ

अरूलाई उपकार गर्ने कार्य हुने व्यक्ति र अरूले आफूलाई गरेको उपकारको कृतज्ञ गुण नबिर्सी उक्त उपकारको ऋण चुकाउने व्यक्तिहरूलाई असल मानिसको रूपमा चिनिन्छ। यस्ता व्यक्तिहरूलाई सत्पुरुष भनिन्छ।

भगवान् बुद्ध भन्नुहुन्छ–

**"केवला द्वेसा भिक्खवे सप्पुरिस भुमि**
**यदिदं कतञ्ञु कतवेदिता"**

**"द्वे मे भिक्खवे पुग्गला लोकस्मिं। कतमे द्वे ?**
**यो च पुब्बकारी, यो च कतञ्ञु कतवेदि ?"**

अर्थात् सत्पुरुषहरू दुई जना हुन्छन्–

१) कर्तव्य पालन गर्ने व्यक्ति। (मानव हृदयसहितका व्यक्ति, जसले दया, मैत्री र करुणा चित्तले युक्त भई आफ्नो र अरूको भलो चिताउने गर्छ।)

२) कृतज्ञ गुण (अरूले आफूलाई गरेको उपकार) लाई स्मरण गर्दै त्यसको ऋण चुकाउन तत्पर हुने व्यक्ति।

माथि उल्लेखित दुई गुणहरू जसलाई सत्पुरुषधर्म भनिन्छ, ती गुणलाई ढुङ्गामा कोरिएको अक्षरजस्तै हाम्रो भित्री मनदेखि स्मरण गरिरहनु जरुरी छ। यस्तो शुद्ध गुण भएको व्यक्तिलाई उसको राम्रो कार्यको लागि प्रकृतिले पनि पुरस्कारस्वरूप राम्ररी नै साथ दिइरहेको हुन्छ। उसको शुद्ध चित्तको कारणले त्यस व्यक्तिको शरीरमा शुद्ध रगत प्रवाह भइरहेको हुन्छ। प्राकृतिक नियम हो यो। कसैले यसलाई परिवर्तन गर्न सक्दैन।

तर यसको विपरित असत्पुरुषहरू धेरैजसो अरूलाई हानी गर्दै नीजि स्वार्थ पूर्तिको कार्यमा मात्र ध्यान दिने गर्छन्। त्यतिमात्र होइन पानीमा कोरिएको अक्षर कोरिँदै जान्छ र मेटिँदै जाने जस्तै मूर्ख एवं असत्पुरुष व्यक्तिहरूले अरूले आफूलाई गरेको उपकारगुणलाई पनि छिट्टै बिर्सिदिने गर्छन्। यस्तै कार्यमा रमाउँछन् उनीहरू। तर उसको नराम्रो बानीलाई निरीक्षण गरिरहने प्रकृतिले भने उसलाई यस कार्यको नकारात्मक नतिजा भोगाउन पछि पर्दैन।

यो पनि प्राकृतिक नियम नै हो। राम्रो कार्यको राम्रै नतिजा नराम्रो कार्यको नराम्रै नतिजा। यस प्राकृतिक सन्देशलाई धेरैजसो मानिसहरूले बुझ्न सकिराखेको देखिँदैन। त्यसैले होला यस संसारमा सत्पुरुषहरूको सङ्ख्या असत्पुरुषहरूको तुलनामा ज्यादै नगन्य छन्। फलस्वरूप यो संसारमा चारैतर्फ नीजि स्वार्थपूर्तिको लागि झैँझगडा, कलह, जालसाजी, छलकपट र अशान्तपूर्ण वातावरणले दूषित बन्दै गइरहेको छ।

संसारमा भगवान् बुद्ध जन्म हुनुको लक्ष्यहरूमध्ये एक लक्ष्य लोकमा सत्पुरुषहरूको सङ्ख्या बढाई शान्ति कायम गर्नको लागि हो। सत्पुरुषहरूको राम्रो बानी-व्यवहारलाई हेरी उहाँहरूको आदर्शलाई अध्ययन गर्दै विस्तारै हाम्रो मन त्यततार्फ ढल्काउन सके हाम्रो कल्याण निश्चित छ। हाम्रो मनलाई सङ्गतले धेरै प्रभाव पारिरहेको हुन्छ। त्यसैले यी आदर्शवान् सत्पुरुषहरूको राम्रो बानी-व्यवहारतर्फ एकपटक नियालौं।

सिद्धार्थ कुमारले बुद्धगयामा बोधिवृक्षमुनि बुद्धत्त्व प्राप्त गरिसक्नुभएपछि सात दिनसम्म कुनै पनि वाक्य नबोली बोधिवृक्षको कृतज्ञगुण स्मरण गर्नुहुँदै मनमनले यसरी उदार भाव जाहेर गर्नुभएको थियो–

"तिम्रो काखमा रही मैले बोधिज्ञानलाई अनुसन्धान गरिरहेको अवस्थामा तिमीले मलाई घामपानीबाट बचाई सुरक्षा प्रदान गरी सेवा गऱ्यौ। तिम्रो निस्वार्थ सेवा पाएको कारणले मैले बोधिज्ञान प्राप्त गरी बुद्ध बन्न सफल भएँ। अब तिम्रो गुण एवं आदर्शलाई अनुशरण गर्दै मैले पनि निस्वार्थ भावले नै धर्मरूपी शिक्षा प्रचार गर्न लागेको छु। तिम्रो अनन्त गुणलाई मैले कहिले पनि बिर्सन सक्दिन। कृतज्ञ गुण भनेको सधैं स्मरण गर्न आवश्यक छ।"

भनिन्छ भगवान् बुद्धले बोधिवृक्षलाई आफ्नी आमाको रूपमा पुज्नुहुन्छ।

यसरी नै भिक्षु सारीपुत्र भिक्षुजीवन बिताउनुअगाडि उपतिस्स नामले चिनिनुहुन्थ्यो। त्यस बेला पञ्च भद्र वर्गिय भिक्षुहरूमध्ये सबभन्दा कान्छो अस्सजिलाई भेटी उहाँबाट बुद्धशिक्षा अध्ययन गरी भिक्षु सारीपुत्र बन्नुभएको



Downloaded from http://www.dhamma.digital

थियो । गुरु अस्सजिको अमूल्य गुणलाई स्मरण गर्दै भिक्षु सारीपुत्रले दिनहुँ भिक्षु अस्सजि रहनुभएको दिशातर्फ वन्दना गरेर मात्र सुत्ने गर्नुहुन्थ्यो । यस घटनाले भिक्षु सारीपुत्रको महानता एवं सत्पुरुषधर्मलाई प्रस्तुत गरिरहेको छ ।

माथि उल्लेखित २ प्रकारका सत्पुरुषहरूमध्ये अरूलाई उपकार गर्ने सत्पुरुषहरू त आजभोलि पनि हामीले देखिरहेका छौं ।

वि.सं. २०७२ सालको महाभूकम्पको मारमा परी दुखी बनेका कतिपय नेपालीहरूलाई बोधिचित्तसहितका स्वदेशी-विदेशी कल्याणमित्र सत्पुरुषहरूले सहयोग गरेका थिए ।

यसरी नै वर्षेनि बाधी-पहिरोको चपेटामा परेका कतिपय दुखी नेपालीहरूलाई पनि लुगाफाटा र खाना पुऱ्याई सक्दो सहयोग गर्ने सत्पुरुषहरू पनि नभएका होइनन् ।

तर त्यसरी मारमा परेका दुखीहरूलाई भनी ल्याएका सहयोगका सरसामान बीचबाट नै जालसाजी र छलकपट गरी हडपेर लिन पल्केका असत्पुरुष व्यक्तिहरूको पनि कमी छैन हाम्रो मुलुकमा । हामीले यहाँ सहयोगी व्यक्तिको शुद्ध मन र दुखी व्यक्तिहरूलाई प्रदान गरिएको सहयोगलाई छलकपट गरी हडप्ने व्यक्तिहरूको कलुषित मनलाई तुलनात्मक रूपमा दाँजेर हेर्न सक्छौं ।

सहयोगीहरूको राम्रो मनले भाग्य र छलकपटीहरूले दशाको बीऊ रोप्दैछ । प्रकृतिको यस नियमलाई जसले भित्री मनले बुझ्छ, उसले कहिले पनि असत्पुरुष र छलकपटी बन्ने साहस गर्दैन ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ भिक्षु श्रोणकुटि कर्णले तथागतलाई उहाँकै गन्धकुटीमा बसी उपदेश सुनाएका थिए ।

★ महाकप्पिन र भद्दिय भिक्षुहरू भिक्षु हुनु अगाडि राजा थिए ।

★ पाइतालामा पनि रौं उम्रने भिक्षु थियो - सोण कोटि विंश ।

*(साभार- बौद्ध दर्पण)*

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| *मिति २०७४* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| माघ १ गते, विहिवार अष्टमी | शुभवती | वीर्यवती |
| माघ १५ गते, बुधवार, सिपुन्हि | अमता | धम्मवती |
| माघ २५ गते, बिहिवार, अष्टमी | वण्णवती | दानवती |
| फागुन १ गते, मंगलवार, संक्रान्ति | शुभवती | पञ्ञावती |
| फागुन ३ गते, विहिवार, औंशी | सुवण्णवती | केशावती |

# गुणया ऋण

**✍ लेलिन शाक्य**

मां-बौया सेवा याय्‌गु मचाया खः धर्म
मांबौनं बीगु केबल मचायात जन्म

नके इलय् मचायात ह्येका ह्येका नकी
मचाया पित्याः तंकी न्हापां थःत थजु धकाः

खि चो कयाः मचायागु छत्तिं घमचासे
याई फुक्क बिचाः मामं अल्छि छुं मचासे

गुण खः थ्व लुमंकाः सुनां सेवा याई
वथें ज्याःगु तः धंगु छुं मदु धर्म धाई

ब्याइमखु कनाः गुबलें मांबौया गुण
भारी जुइगु खः थ्व हे मचायात ऋण

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

*क्र.सं. ८७४*

**अनिता डंगोल**

हरिसिद्धि, ललितपुर म.न.पा. वडा नं. २८

रू. २०००/–



Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्धका अग्रश्रावक सारिपुत्र

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

भगवान् शास्ता बेलुवनमा वर्षावास सक्काएर श्रावस्तीको जेतवन बिहारमा पाल्नुभयो। आयुष्मान सारिपुत्तले भगवान्प्रतिको सेवा पूरा गरे। शिष्यहरूलाई आ-आफ्नो कामको जिम्मा दिए र दिनमा बिताउने स्थानलाई सफा गरेपछि हात-खुट्टा धोई आफू पनि ध्यान गर्न बसे। ध्यान गरिरहेको समय उनको मनमा एउटा विचार उठ्यो कि, "पहिला बुद्धले परिनिर्वाण प्राप्त गर्नुहुन्छ कि अग्रश्रावकले ?" पहिला अग्रश्रावक परिनिर्वाण हुन्छ भन्ने थाहा पाए तब उनले आफ्नो आयु संस्कार हेरे, आयु त केवल सात दिन मात्र बाँकी रहेछ।

उनको आमा १०० वर्ष उमेरको भइसकेको थियो। सारिपुत्तसहित उनका चार जना छोराहरू र तीन जना छोरीहरू भगवान्को धर्म सिकेर अर्हत भइसकेका थिए। जन्म-मरणको चक्रबाट अलग भइसकेका थिए। तर उनकी आमाको भने अहिलेसम्म पनि परम्परागत मान्यता र कर्मकाण्डप्रतिको लेप बाँकी नै थियो। उनी भगवान् बुद्धको शिक्षालाई गलत मान्दथिन्, मिथ्यादृष्टिक थिइन्। धर्मसेनापति सारिपुत्तलाई राम्ररी थाहा थियो कि आफ्नो आमाको उपकार अनन्त छ। आमा-बुबालाई मुक्तिको मार्गमा लगाउनु नै छोरा-छोरीको महान् सेवा हो।

महास्थविर सारिपुत्तसँग कल्याणमयी धर्म सिकेर अस्सी हजार गृहस्थहरूले दुःखबाट मुक्ति प्राप्त गरिसकेका थिए। परन्तु अबसम्म पनि उनले आफ्नी आमालाई बुद्धले बताउनुभएको मार्गमा आकर्षित गर्न सकेका थिएनन्।

अब परिनिर्वाणको लागि जम्मा सात दिन मात्र बाँकी थियो। त्यसैले यसअघि फेरि एक पटक आमालाई सम्झाउने प्रयास गरिहेरौं भन्ने सोचले आफ्नो अन्तिम समय आफू जन्मेको कोठामा बिताउने निर्णय गरे। यसैले आफ्ना प्रमुख शिष्य र भाइ चुन्दलाई निर्देश दिँदै भने कि 'उनका प्रमुख ५०० शिष्यलाई पनि नालकगाम जाने तयारी गर्नू।' आयुष्मान् सारिपुत्त भने अन्तिम पटक भगवान्को दर्शन गर्न र बिदाई लिन गए।

उनले भगवान्लाई दर्शन गर्दै भने– "हे लोकनाथ ! महामुनि ! मेरो अन्तिम नमस्कार स्वीकार गर्नुहोस्। मेरो आयु संस्कार पूरा भयो। केवल एक हप्ता मात्रै बाँकी छ। हे सुगत ! मलाई परिनिर्वृत्त हुनको लागि अनुमति दिनुहोस्।"

भगवान्ले सोध्नुभयो, "सारिपुत्त ! कहाँ परिनिर्वृत्त हुन्छौ ?" "भन्ते ! आफ्नो जन्म स्थान मगधको नालकगाऊँमा।" "सारिपुत्त ! समयोचित काम गर्नू। तिमी भिक्षुहरूको ठूल्दाईझैं थियौ। तिम्रा भाइहरूलाई तिम्रो दर्शन दुर्लभ हुने भयो। त्यसैले आज तिमी अन्तिम धर्म देशना दिनू।"

धर्म सेनापतिले भगवान्को आशय बुझे र वन्दना गरेर फर्के। ताडको वृक्षझैं अग्लो आशनमा रहेर सारि पुत्तले धर्म-देशना दिए, सारा नगर निवासी एकत्र थिए। आयुष्मान सारिपुत्तलाई बिदाई दिन भगवान् मणिकफल रत्न जडेको आसनमा विराजमान हुनुहुन्थ्यो। स्थविर सारिपुत्तले भगवान्लाई भन्दै थिए– "भन्ते ! भगवान् आजभन्दा एक लाख कल्पभन्दा पनि पहिला मैले भगवान् सम्यक-सम्बुद्ध अनोमदस्सीको चरणमा कोही सम्यक-सम्बुद्धको अग्रश्रावक बन्ने प्रार्थना गरेको थिएँ। असंख्य कल्पसम्म पारमी एकत्रित गर्दै रहेँ। त्यसै पूण्य पारमीको फलस्वरूप हजूरको दर्शनले मेरो प्रार्थना पूरा भएको छ। यो हजूरको अन्तिम दर्शन हुनेछ। अब हजूरको दर्शन फेरि पाउने छैन।" यस्तो भन्दै आयुष्मान सारिपुत्त शास्तालाई हातजोडेर प्रणाम गर्दै रहे, पछाडि सर्दै-सर्दै तथागत देखुन्जेलसम्म प्रणाम गर्दै रहे।

भगवान्ले भिक्षुहरूलाई भन्नुभयो– "भिक्षुहरू ! तिम्रा ठूल्दाइ जाँदै छन्।" उनलाई बिदा दिन भिक्षुहरू ढोकासम्म पुगे। स्थविर सारिपुत्तले भिक्षुहरूलाई रोक्दै भने, "आयुष्मानहरू ! तिमीहरू यहीँ रहनू। अप्रमत्त भएर आफ्नो काममा लागि रहनू।"

अन्य भिक्षुहरूले भने, "पहिला आयुष्मान हजूर धर्म चारिकाको लागि जानुहुन्थ्यो र फर्किनु पनि हुन्थ्यो। अब त फर्किने छैन।" यस्तो भन्दै सबै विलाप गर्न थाले। स्थविरले उनीहरूलाई पनि सम्झाउँदै भने "अप्रमत्त भएर आफ्नो काममा लागि राख्नू।"

भगवान्सँग बिदाई लिएपछि धर्मसेनापति सारिपुत्त




Downloaded from http://www.dhamma.digital

भदन्त चुन्दसहित भिक्षुहरूलाई लिएर सातौँ दिन नालकगाउँ पुगे। त्यहाँ नगरद्वारमा उनका भान्जा उपरेवत भेटे । उनीमार्फत् उनका आमालाई आफू भेट्न आएको सूचना पठाए । आफ्नो जन्मकक्ष तयार गर्न र आफूसँग आएका ५०० जना भिक्षुहरूलाई चाहिने प्रबन्ध मिलाउन सूचना पठाएपछि आफू भने सारा दिनभर गाउँमा नै बिताए । साँझ आफ्नी आमाको घर, आफू जन्मेको कोठामा विश्राम गर्न पुगे । रात त्यहीँ बिताए ।

राती उनकी आमा भेट्न आइन् तब कोठामा प्रकाशयुक्त अदृश्य प्राणीहरू भेट्न आइरहेका थिए। यस्तो देखेर आमाले सोधिन् "यिनीहरू को हुन् ?" छोराले बताए, "यी चार जना चार दिशाका द्वारपाल महाराजा, यी देवराज शक्र, यी ब्रह्मलोकका ब्रह्मा हुन्। यी सबै अर्हन्तको अन्तिम दर्शन गर्न आएका हुन् ।" यस्तो सुनेर आमा दङ्ग भइन्। ओहो मेरो छोरो नै यति ऋद्धिशाली र समृद्धिशाली छ भने उनको आचार्य त यिनीभन्दा पनि महान् होला। यस्तो सुनेर सारिपुत्तले भगवान्को गीत गाउनुभयो । यस्तो गाथा सुन्दै-सुन्दै आमाको शरीर पुलक-रोमाचले भरिएर आयो। शरीरमा उदय-व्ययको अनित्यबोध महसूस हुन थाल्यो। ती अनित्यबोधका तरङ्ग निरूद्ध भयो र नित्य शाश्वत, ध्रुव निर्वाणको साक्षात्कार भयो, उनी स्रोतापन्न भइन्। अपरिमित सुखद शान्तिको अनुभूति भयो। आमाले छोरोलाई भनिन् की "यस्तो सुख-शान्तिको अनुभूति पहिला नै किन नगराएको ?" छोरो मुस्कुराइरहे । धन्य भइन् आमा ! धन्य भयो छोरो सारिपुत्त ।

तब छोरोले आमालाई विश्राम गर्न अर्को कोठामा पठाइदिए। फेरि भाइ चुन्दलाई सोधे, "कुन समय भयो ?" चुन्द थेरले बताए, "सूर्योदय हुन लागेको छ ।"

यस्तो सुनेर धर्मसेनापतिले आफ्ना ५०० भिक्षुहरूलाई बोलाएर अगाडिको खुल्ला ठाउँमा बसाएर भने, "तपाईंहरू पैंतालीस वर्षदेखि मसँगै हुनुहुन्छ । यति लामो समयमा मेरो शरीर वा वाणीद्वारा कुनै यस्तो तपाईंहरूलाई दुःख लाग्ने कर्म हुन गएको भए मलाई क्षमा गर्नुहोस् ।"

शिष्यहरूले भने, "भन्ते ! तपाईं महान् हुनुहुन्छ ! यी पैंतालीस वर्षमा हामीमध्येबाट कसैले पनि तपाईंलाई कुनै कष्ट दायक कर्म हुन गएको भए हामीलाई क्षमा गर्नुहोस् ।"

धर्मसेनापतिले संघलाई भने, "तिमीहरू सबै पवित्र छौ, निर्दोष छौ ।" यति भनेपछि धर्मसेनापतिले आफ्नो अन्तिम स्वास छोडे र परिनिर्वृत्त भए । धन्य महान धर्म सेनापति ! धन्य उनका पावन भिक्षुसंघ !

पुत्रको अनुकम्पालाई सम्झेर आमा रूपसारी रूदै रहिन्। उनलाई पुत्रको जीवनकालमा उनको गुणको कडर गर्न नसकेकोमा ठूलो पश्चाताप थियो। रूदै आफ्नो सारा भण्डार पुत्रको दाहसंस्कारको लागि खोलिदिए। पाँच सय फूलका माला र पाँच सय कूटागारको निर्माण गर्ने आदेश दिए। उपासकहरूले पनि धेरै फूलमाला बनाए, कूटागार बनाए । अनेक देवता तथा मनुष्य जम्मा भए र एक हप्तासम्म उत्सव मनाए ।

श्रीखण्डको चितालाई अनेक प्रकारका गन्धले सजाए, स्थविरको शरीरलाई चितामा राखे । श्मशानमा रातभरी धर्मकथा चलिरह्यो । दाहसंस्कारपछि स्थविर अनुरूद्धले सुगन्धित जलद्वारा चिता बुझाए । आयुष्मान महाचुन्दले अवशिष्ट धातु छानेर एउटा कपडामा पोको पारेर भने, "अब हामी जाऊँ दाइ धर्मसेनापति सारिपुत्तको परिनिर्वाण भयो, यसको खबर सम्यक-सबुद्धलाई दिनुपर्छ। भिक्षुसंघ अवशिष्ट धातु तथा पात्र-चीवर आदि बोकेर श्रावस्ती आए र आफ्नो उपाध्याय आयुष्मान आनन्दलाई भेटे ।

आयुष्मान आनन्दले अवशिष्ट धातु तथा पात्र चीवरसहिंत भिक्षुहरूलाई भगवान्कहाँ लग्नुभयो, भगवान् लाई भन्नुभयो, "भन्ते ! स्थविर महाचुन्दले आयुष्मान सारिपुत्त परिनिर्वाण भएको बताएको छ । यी उनका पात्र-चीवर हुन्। भन्ते ! यस समाचार सुनेर म अत्यन्त व्याकुल र बैचैन भएको छु। म अस्तव्यस्त भएको छु। मैले धर्म पनि बुझ्न सकिरहेको छैन ।"

"आनन्द ! के सारिपुत्त न शीलस्कन्धलाई लिएर परिनिर्वृत्त भएको हो । उनी त मलाई उपदेश दिने, धर्म सिकाउने, धर्म बताउने, धर्ममा उत्साहित, प्रेरित गर्ने प्रहर्षित गर्ने गर्दथे । म यस समय आयुष्मान सारिपुत्त द्वारा गरेका उपकारहरूलाई स्मरण गर्दछु । म उनको प्रति कृतज्ञ छु ।"

"आनन्द ! के मैले पहिला पनि भनेको थिएन कि सबै प्रिय व्यक्तिको वियोग एक दिन हुनेछ। जेजति उत्पन्न भएका छन् ती अवश्य विनाश हुने छन् यो त थाहा भएकै कुरा हो ।

"आनन्द ! जस्तो कि कुनै असल रूखको सबैभन्दा



Downloaded from http://www.dhamma.digital

ठूलो हाँगा कुनै कारणले भाँचिएर तल खसेको छ, त्यस्तै यस महान् भिक्षुसंघको एकजना सारयुक्त भिक्षु सारिपुत्तको परिनिर्वाण भएको छ । आनन्द ! यही नै सृष्टिको नियम हो । जुन उत्पन्न हुन्छ, ती एक न एक दिन अवष्य नष्ट हुनेछ । त्यसैले स्वयं आफूलाई आफ्नो द्वीप बनाउनु, आत्मनिर्भर रहनु अरू कसैको भरमा नरहनु । धर्मलाई आफ्नो द्वीप बनाउनु, धर्मको शरण ग्रहण गर्नु, अन्य कसैको शरण नलिनु ।"

"आनन्द ! भिक्षु आत्मद्वीप भएर रहनु, आत्मशरण भएर रहनु, धर्मद्वीप भएर रहनु, धर्मशरण भएर रहनु, अन्य कसैको शरण ग्रहण गरेर कसरी विहार गर्न सकिन्छ र ?"

"आनन्द ! भिक्षु (साढे तीन हातको शरीर) लोकमा राग र द्वेषलाई हटाएर, श्रमशील, स्मृतिमान र सम्प्रज्ञानी बनेर, कायामा कायानुपश्यी भएर विहार गर्दछ ।

"साढे तीन हातको शरीरमा राग र द्वेषलाई हटाएर श्रमशील, स्मृतिमान र सम्प्रज्ञानी भई वेदनामा वेनानुपश्यी भएर विहार गर्दछ । "साढे तीन हातको शरीरमा राग द्वेषलाई हटाएर श्रमशील, स्मृतिमान सम्प्रज्ञानी भई चित्तमा चित्तानुपश्यी भएर विहार गर्दछ ।

"साढे तीन हातको शरीरमा राग द्वेषलाई हटाएर श्रमशील स्मृतिमान र सम्प्रदाज्ञानी रहेर धर्ममा धर्मानुपश्यी भएर, आत्मशरण भएर विहार गर्दछ । अन्य कसैको शरण नगरी धर्मद्वीप भएर, धर्मशरण भएर अन्य कसैको शरण नगइकन बिहार गर्दछ ।

"आनन्द ! जो व्यक्ति यस प्रकार अन्य कुनै साधना नगरिकन आत्मद्वीप भएर, आत्मशरण भएर कसैको शरण ग्रहण नगरिकन विहार गर्दछ, धर्मद्वीप भएर, धर्मशरण भएर अन्य कसैको शरण ग्रहण नगरिकन बिहार गर्दछ त्यस्तो शिक्षाकामी भिक्षु नै मद्वारा उपदिष्ट धर्ममा अग्र हुनेछ ।"

—— ❀ ——

आयुष्मान सारिपुत्त र आयुष्मान महामोग्गल्लानको परिनिर्वाण भइसकेको केही दिनपछि नै बज्जी जनपदको गङ्गा नदीको किनारमा बृहत भिक्षुसंघसहित भगवान् विहार गरिरहनुभएको थियो ।

त्यस समय भगवान् भिक्षुसंघले घेरिएर खुल्ला आकाशसामू रहनुभएको थियो । तब भगवान्ले शान्तपूर्वक बसिरहेका भिक्षुसंघलाई निहारिएर हेर्नुभयो र भन्नुभयो–

"भिक्षुहरू ! यो समूह खाली-खाली जस्तो लागेको छ । सारिपुत्त र मोग्गल्लानको परिनिर्वाणपछि यो समूह खाली-खालीझैं लागेको छ सारिपुत्त र मोग्गल्लान हुँदा यो भरिएको झैं लाग्थ्यो ।

"भिक्षुहरू ! अतीत कालमा पनि भगवान् अर्हत सम्यक-सम्बुद्ध हुन्थे, उहाँहरूका पनि यस्तै दुई जना अग्रश्रावकहरू हुन्थे । भविष्यमा पनि जो अर्हत सम्यक सम्बुद्ध हुनेछन् उहाँहरूका पनि दुई जना अग्रश्रावकहरू हुनेछन् जस्तो मेरा सारिपुत्त र मोग्गल्लान भए ।"

"भिक्षुहरू ! श्रावकहरू यी कुरा सुनेर सायद आश्चर्य मान्लान् कि भविष्यमा हुने अग्रश्रावकहरू पनि शास्ताको शासनप्रति आज्ञाकारी र चारै परिषदमा प्रिय, गौरव राख्ने र श्रद्धाले परिपूर्ण हुनेछन् । यस्ता अग्र श्रावकहरूको परिनिर्वाण भए तापनि बुद्धलाई न कुनै दुःख भयो, न शोक भयो न सन्ताप नै भयो । जेजति उत्पन्न भएका छन्, बनेका छन्, निर्माण गरिएका छन् ती एक समय विनाश हुनेछन्, व्यय हुनेछन्, क्षय हुनेछन् ।

अग्रश्रावक सारिपुत्त र महामोग्गल्लानको अस्तुलाई सम्राट् अशोकले साँचीको स्तुपमा स्थापना गरेका थिए । साँचीका निर्माण गरिएका विशाल स्तुपहरू आजसम्म पनि विध्यमान छन् । यी स्तूपहरूका चार दिशामा विशाल ढोकाहरू छन्, यी ढोकाहरूमा जातक कथा तथा बुद्धका जीवनकालका घटनाहरूलाई कुँडिएका छन् ।

—— ❀ ——

एक अवसरमा उपासक अनाथपिण्डिक भगवान्लाई भेट्न गए । उहाँसँग अन्य गृहस्थ उपासकहरू पनि थिए । त्यस समय भगवान्ले आयुष्मान सारिपुत्तलाई सम्बोधन गर्दै भन्नुभयो । स्वेत वस्त्र धारी गृहस्थ उपासकहरूले कुन पाँच शिक्षापदहरू ग्रहण गर्नुपर्दछ र आफूलाई अपाय योनिमा जन्म हुनुबाट मुक्त भइसकेको छु, अर्थात् आफू स्रोतापन्न भइसकेको छु भन्ने बताउन सक्छ ?

सारिपुत्तले उत्तर दिँदै भन्नुभयो–

१. आर्य श्रावक प्राणि-हिंसा गर्नबाट बच्दछ;

२. आर्य श्रावक चोरी गर्नबाट बच्दछ;



Downloaded from http://www.dhamma.digital

३. आर्य श्रावक कामभोगीसम्बन्धी मिथ्या आचरण गर्नबाट बच्दछ;
४. आर्य श्रावक झूठो बोल्ने कामबाट बच्दछ;
५. आर्य श्रावक जाँद-रक्सीजस्ता नशालु पदार्थ सेवन गर्ने कामबाट बच्दछ ।

यसरी गृहस्थ उपासक यी पाँच शिक्षापद ग्रहण गर्दछन् ।

भगवान्ले यसलाई अघि बढाउँदै भन्नुभयो–

१. आर्य श्रावक बुद्धको प्रति अविचल श्रद्धा राख्दछ;
२. आर्य श्रावक धर्मको प्रति अविचल श्रद्धा राख्दछ;
३. आर्य श्रावक संघको प्रति अविचल श्रद्धा राख्दछ;
४. आर्य श्रावक श्रेष्ठ, अखण्ड, अछिद्र, विशुद्ध शील पालना गर्दछ ।

"सारिपुत्त यसरी गृहस्थ साधक यी शिक्षापदहरूलाई पालना गर्दै चार चेतसिक ध्यानहरू प्राप्त गर्दछ र उसले आफूले चाहेमा आफू अपाय योनिमा जन्म हुनबाट मुक्त भएको घोषणा गर्दछ, अर्थात् आफू स्रोतापन्न भएको घोषणा गर्दछ । आफ्नो सम्बोधि प्राप्ति निश्चित भएको घोषणा गर्दछ ।"

"नरकपातको भय देखेर पापकर्म गर्नबाट बच्दछ । बुद्धिमान् व्यक्ति आर्य धर्मलाई स्वीकार गरेर यी पापकर्महरूलाई त्याग्दछ ।"

"बल प्रयोग गरेर कोही प्राणीको हत्या नगर्नु, जानीबुझी असत्य नबोल्नु, अरूको सामान नचोर्नु ।" "आफ्नो स्त्री प्रति सन्तुष्ट रहनु, अरूको स्त्री प्रति मनमा राग नगर्नु । चित्तलाई उत्तेजित पार्ने नशा पदार्थ सेवन नगर्नु ।"

"सम्यक सम्बुद्धको अनुस्मरण गर्नु, धर्मको चिन्तन-मनन गर्नु । चित्तमा कसैको प्रति पनि द्वेष उत्पन्न नगर्नु र देवलोकको भावना गर्नु ।"

"पुण्य प्राप्त गर्न चाहने दाताद्वारा दान दिएका योग्य वस्तु सन्त व्यक्तिलाई प्रदान गर्नाले त्यस दानको फल अति विशाल हुनेछ ।"

❀

एक समय श्रेष्ठी अनाथपिण्डिक आफ्ना उपासक साथीहरूसँग भगवान्लाई भेट्न गए । भगवान्लाई अभिवादन गरेपछि एकातिर बसे तब अनाथपिण्डिकलाई सम्बोधन गर्नुहुँदै भगवान्ले भन्नुभयो–

"हे गृहपति ! तिमीले चीवर, भिक्षा, बिछचौना, रोगीलाई चाहिने आवश्यकताहरू दान दिएर भिक्षुसंघको अधिक सेवा गरेका छौ । त्यसैले हे ग्रहपति समय-समयमा एकान्त प्रीति-सुखको पनि अनुभव गर्नुपर्छ भन्ने कुरा बुझ्नुपर्छ ।"

यस्तो सुनेपछि सारिपुत्तले अगाडि भगवान्लाई भन्नुभयो–"भन्ते ! हजूरले भन्नुभएको अत्यन्त सही हो ।

"भन्ते जुन समयमा आर्यश्रावक एकान्त प्रीति-सुखको अनुभव गर्दछ त्यस समय उसलाई पाँच कुराको अनुभूति हुँदैन ।

(१) यी काम-भोगबाट उत्पन्न हुने दुःख दौर्मनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;
(२) यी काम-भोगबाट उत्पन्न हुने सुख सौमनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;
(३) यी अकुशल कर्मद्वारा हुने दुःख दौर्मनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;
(४) यी अकुशल कर्मद्वारा हुने सुख-सौमनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;
(५) यी कुशल कर्मद्वारा हुने दुःख दौर्मनस्य हुन्छ, त्यस समय उसलाई त्यसको अनुभूति हुँदैन;

"भन्ते ! जुन समय आर्य-श्रावक एकान्त प्रीति-सुखको अनुभव गर्दछ त्यस समय यी पाँच कुराको अनुभव हुँदैन ।"

"सारिपुत्त ! ठीक भन्यौ, ठीक भन्यौं ।"

*(साभार- 'सारिपुत्त', वि.वि.वि. २०१३)*

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ भिक्षु सीवली अति मंगलमय व्यक्ति थिए । उनीहुँदा भिक्षु संघलाई कहिल्यै भोजनको अभाव हुँदैनथ्यो ।
★ भिक्षुणीहरूलाई मन पराउने गरी उपदेश भन्नुमा भिक्षु नन्दक अग्र थिए ।
★ भिक्षु नन्दकले यति राम्रोसँग उपदेश दिन्थ्यो कि स्वयं भगवान्, नन्दकले थाहा नपाउने गरी, उसको उपदेश सुनिराख्नुहुन्थ्यो ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म र पञ्चशीलका कुरा

*लेखक*- **भिक्षु अश्वघोष**
*अनुवाद*- **वीर्यवती**

गौतम बुद्धले उपदेश दिनुभएको धर्म वास्तविक रूपमा भक्तिमार्ग होइन । बुद्ध धर्म भनेको विवेक बुद्धिले पूर्ण भई अनुशरण गर्नु पनि व्यवहरिक धर्म हो । बुद्ध भन्नुहुन्छ– **"पञ्ञावन्तस्सायं धम्मो नायं धम्मो दुप्पञ्ञस्स"** अर्थात् यो धर्म, (बुद्ध शिक्षा) बुद्धिवान् प्रज्ञावान् व्यक्तिको लागि हो, मूर्खहरूको लागि होइन । बुद्ध मार्ग प्रदर्शक मात्र हुनुहुन्छ । बुद्धमार्गी त्यो व्यक्ति हो, जसले बुद्ध शिक्षाअनुसार आचरण गर्दछ । लहैलहैमा लाग्नु अर्थात् अन्धानुकरण गर्नु बुद्ध शिक्षा विपरीत जानु ठहरिन्छ । त्यसकारण बुद्धशिक्षा अनुशरण गर्ने, बुद्धमार्गीहरूले अन्धानुकरणबाट टाढा रहनुपर्छ ।

बुद्धको मूल शिक्षा नै शील, समाधि र प्रज्ञा हो । शीलको अर्थ सदाचार, संयमित र अनुशासित हुनु हो । संयमित भन्नु नै शरीर, वचन र मनलाई नियन्त्रणमा राख्नु हो । यसलाई बुद्धशिक्षा भित्रको महत्वपूर्ण कुरा भने पनि हुन्छ। यसप्रकारको बुद्धशिक्षालाई पालन गर्नु असम्भव नभएपनि गाह्रो चाहिँ अवश्य छ ।

हिजोआज पञ्चशील प्रार्थना गराउने चलन चलिरहेको छ। यो चलन मात्र हो प्रार्थना अनुसार आचरण गरियो गरिएन, प्रार्थना गर्नेहरूलाई नै थाहा हुने कुरा हो। बुद्धको शिक्षा अनुसार पञ्चशील भनेको प्रार्थना र ग्रहण गर्नको लागि मात्र नभई पालन नै गर्नुपर्ने व्यवहारिक नियम हो । पञ्चशीलमा निम्न पाँच नियमहरू पर्न आउँछन् –

१. हिंसा कर्मबाट टाढा रहनु,
२. चोरी कामबाट अलग्गिनु,
३. व्यभिचार, भ्रष्टाचार, बलात्कार गर्नबाट बच्नु,
४. अरूलाई धोखा दिने नियतले झुठो नबोल्नु,
५. मादक पदार्थ सेवन नगर्नु ।

यी पञ्चशील साधारण गृहस्थहरूले पालन गर्नुपर्ने नियमहरू भनी उल्लेख गरिएको छ । अब हिंसा नगर्नु भन्ने नियम बुद्धले किन प्रतिपादन गर्नुभएको होला भन्नेतर्फ एकपटक ध्यान दिऊँ ।

वैदिककालदेखि अद्यावधिसम्म धर्मको नाममा बलि दिने प्रथा प्रचलनमा आइरहेका कुरा सबैलाई थाहा भएकै कुरा हो । हजारौं बोका, राँगाहरू धर्मको नाममा हिंसा गर्ने कार्य प्राणीप्रतिको अन्याय मात्र नभई महापाप नै हो भन्ने कुरा गर्दछन् हिंसाविरोधीहरू । हुन पनि धर्मको नाउँमा प्राणी हिंसा गर्ने कार्य कसरी धर्म हुन्छ ? राष्ट्रिय चाँड दशैंमा काठमाण्डौंको तलेजु भवानी मन्दिरमा मात्र १०८ राँगा र बोकाको बली चढाइन्छ। यसरी नै भक्तपुर नवदुर्गा मन्दिरमा ५५ रागाँ र बोका काटिन्छ भने अधिराज्यका विभिन्न मन्दिर र देवस्थलहरूमा हजारौं प्राणी धर्मको नाममा बली चढाइने गरिन्छ । पोखरा र धरानका बिभिन्न मन्दिरहरूमा दिनहुँ सैकडौं प्राणी बली चढाउने गरिन्छ । धर्मको नाममा गरिदै आएको कस्तो अनौठो संस्कृति हो यो ?

मासु खाने इच्छाले हिंसा गर्नु र धर्मकै नाममा हिंसा गर्नुमा धेरै भिन्नता छ । मासु खाने इच्छा भएमा आफैले प्राणीहिंसा गर्नुपर्छ भन्ने छैन । बिक्रीको लागि पसलमा राखिएको मासु किनेर खाँदा केही आपत्ति नहुन सक्छ। हेलम्बुका शेर्पाहरू आफैले हिंसा गरेर मासु खाँदैनन् रे भनिन्छ। (संस्कृत लंमावतार सूत्रमा मासु खानै हुन्न भनी भगवान् बुद्धले भन्नुभएको उल्लेख छ भने पालि आम गन्ध सूत्रमा मासु खानु हुन्छ भनी भन्नुभएका उल्लेख छ । यी दुइटै कुरा ग्रन्थम ापछि थपिएको हो भन्ने विज्ञहरूको धारणा छ ।) बुद्धले प्राणी हिंसा बिलकुल नगर्नको लागि शिक्षा दिनु भएको चाहिँ अवश्य हो । यस कुरालाई हामीले गम्भीरताका साथ मनन गर्नु अत्यावश्यक छ ।

हिंसा र अहिंसा भन्ने विषय धेरै विवादास्पद कुरा हो। यस बारेमा विद्वानहरूबीच पनि वादविवाद भइरहन्छ। कुनै कुनै भारतीय विद्वानहरूले बुद्धले अहिंसाको शिक्षा दिएर भारतलाई नपुंसक बनाइदियो, जसले गर्दा भारत पराधीन भयो भनी बौद्ध धर्मलाई आरोप लगाउने गरेको पाइन्छ । यसप्रकारको लाञ्छनालाई भारतीय भिक्षु धर्मानन्द कोशाम्बीले आफ्नो पुस्तक 'भारत भगवान् बुद्धको अहिंसा नीतिका कारणले परतन्त्र भएको होइन ।



Downloaded from http://www.dhamma.digital

जुन बखतमा भारत पराधीन भयो त्यस बखत शासक वर्ग हिन्दू नै थिए न कि बौद्ध । बुद्धकालीन भारतलाई इतिहासमा स्वर्णयुग भनेर उल्लेख गरिएको छ ।'

केही विद्वतवर्गले 'अहिंसा परमो धर्म' भन्ने सिद्धान्तलाई लिएर बुद्ध शिक्षालाई आलोचना गर्ने गर्छन् । उनीहरूलाई यो थाहा छैन कि 'अहिंसा परमो धर्म' भन्ने सिद्धान्त बुद्धको मात्र शिक्षा नभएर जैन मतावलम्बीहरूको सिद्धान्त पनि हो । जैनहरू सास फेर्दा समेत साना प्राणी मर्छ भन्ने डरले कपडाको टुक्राले मुख छोप्ने गर्दछन् । उनीहरू आफ्नो घरभित्र मासु ल्याउँदैनन् । बौद्धहरू त मांसभक्षी पनि छन् । श्रीलङ्का, म्यानमार(वर्मा), थाइल्याण्ड आदि बौद्ध देशमा मासु बेच्ने मुसलमानहरू मात्र छन् ।

अहिंसा राम्रो र उपयुक्त कुरा हो । तर परम धर्म नै भन्ने बौद्ध धारणा होइन । अहिंसा धर्मको एउटा महत्वपूर्ण अङ्गमात्र हो । हामीले अहिंसाको अर्थलाई गलत ढङ्गले अपनाइरहेका छौं । बुद्धले प्राणीलाई हिंसा गरी दुःख दिनुहुदैन भन्ने अर्थ लगाउनु भएको थिया । बुद्धको वचनमा दुःख नदिनु भन्ने कुरा महत्वपूर्ण छ । यसको मतलब यो हुनै सक्दैन कि कसैले आक्रमण वा विनाकारण अपमान गरेमा म अहिंसावादी हुँ भनी बच्ने उपाय नसोची चुपचाप हात बाँधी चुपचाप बस्नुपर्छ । बोधिसत्व र महापुरूषहरूको महानता अर्कै कुरा हो । कुनै देश वा कसैले अनाहकमा हमला गरेको बखत आफ्नो सुरक्षार्थ कदम नचाली चुपचाप बस्नेलाई त कायरै नै भनिन्छ । आफ्नो रक्षा गर्नु पनि अहिंसाको आवश्यक अङ्ग हो ।

कृषकहरू प्रश्न गर्छन्– पञ्चशीलको नियम अनुसार खेतबारीमा कीटनाशक औषधि छर्नु हुन्छ कि हुदैन ? यो चेतनाको कुरा हो । यहाँ भन्न खोजिएको कुरा के भने अन्न सपार्न कीटनाशक औषधि प्रयोग गरिन्छ । त्यस्तै बिरामी हुँदा औषधि आएर आफ्नो स्वास्थ्य ठीक पारिन्छ । डाक्टरले दिएको औषधि खाँदा शरीरभित्रको खराब कीरा नाश भई हिंसा हुन्छ भनी औषधि नै खानु हुँदैन भन्न खोजिएको होइन ।

पञ्चशीलमा प्राणीहिंसाबाट टाढा भएर बस्नुपर्छ भन्नुको अर्थ धर्मको नाममा निरपराधी पशुहरूको संहार गरेर बली दिनेजस्तो अन्धविश्वासमा नफस्नु भनिएको हो । यस्तै गरीब र दुर्वलहरूको शोषण गर्नु, थिचोमिचो गर्नु पनि हिंसाकै एउटा रूप हो । शान्ति स्थापनाको लागि बलियोलाई दुर्बललाई सहयोग दिनु चाहिँ अहिंसा हो ।

बौद्ध सिद्धान्तअनुसार हिंसा गर्नु हुन्न भनेर पसलमा बेचिराखेको मासु किनेर खानु हुँदैन भन्नु समाजका लागि व्यावहारिक हुँदैन होला । आफूले नै मारेर अथवा मार्न लगाएर पशुका मासु खान हुँदैन भनेको चाहिँ हो । पञ्चशील अनुसार निम्न चार कुरा भएमा मात्र हिंसा भएको ठहरिन्छ ।

क) जीवित प्राणी हुनु,

ख) मार्न चेतना हुनु,

ग) हत्या गर्न प्रयास गर्नु,

घ) प्राणै लिनु ।

बुद्धकालीन समयमा भारतमा हजारौं पशुहरू देउतालाई बली दिएर, यज्ञमा होमेर पनि पुण्य प्राप्त हुन्छ भन्ने खालको धारणा थियो । गौतम बुद्धले हिंसा र हत्या गरेर पुण्य र धर्म हुँदैन भन्नुभएको थियो । मासु नखानेहरूले मासु खानेहरूप्रति द्वेषभाव राखी गाली गर्नु पनि नसुहाउने कुरा हो । मैत्री अथवा उपेक्षा गर्नु धेरै राम्रो हुनेछ । ❖

## श्रीघः विहारमा संक्रान्ति (संल्हू) भोजन दान

*२०७४ फाल्गुण १ गते, मंगलवार*

*प्रश्तुती- धन बहादुर नकर्मी,*

*स्थान- धर्मकीर्ति मिजंपुचः अध्यक्ष*

धर्मकीर्ति मिजंपुचःको आयोजनामा नियमित रूपले प्रत्येक महिनाको संक्रान्तिका दिन (१ गते) भन्ते गुरुमांहरूलाई भोजन दान कार्यक्रम गर्ने क्रममा यस २०७४ फाल्गुण महिनाको संक्रान्तिका दिन भन्ते, श्रामणेरहरू १८ जना र उपासक उपासिकाहरू २२ जना गरी जम्मा ४० जनालाई भोजन दान कार्यक्रम सम्पन्न भएको छ ।

सदाभैँ यस भोजन दान कार्यक्रमको लागि धर्मकीर्ति मिजंपुचःका सदस्यहरू र अन्य श्रद्धालु उपासक उपासिकापिहरूबाट प्राप्त चन्दा रकम जम्मा रू. ९,४०३/- आम्दानी भई उक्त भोजन दानमा जम्मा रू. ५,०६५/- खर्च भएको छ । यस महिनाको बचत हुन आएको जम्मा रू. ४,३३८/-संक्रान्ति भोजन कोषको बैंकमा जम्मा भएको छ ।



Downloaded from http://www.dhamma.digital

# शरीरको मूल्य कति ?

✍ नरेन्द्रनाथ भट्टराई

घरमा गयो श्रीमतीको कचकच, छोराछोरीको कचकच– भएन, पुगेन, ल्याएन, गरेन आदि । बाहिर हेऱ्यो साथीभाइ, इष्टमित्र, दाजुभाइको आर्थिक अवस्था भड्किला, चम्किला, रवाफिला । आफ्नो घरको अवस्था हेऱ्यो ज्यूँत्यूँ प्राण धान्न पनि गारो । यस्तो अवस्था भएका एक जना व्यक्ति जीवनदेखि हतास र निराश हुँदै आत्महत्या गर्ने अठोट गरेर एक दिन अनकन्टार हिमालमा गएर फाल हालेर मर्न भनी टाकुरोमा पुगेछन् । हजारौं फिट तल फाल हालेमा हाडखोर नै बाँकी नरहने थियो । अब फाल हाल्छु भनी यस्तो के अघि बढेका थिए पछाडिबाट एउटा कमलो हातले उनको हात पक्रेर तान्यो । पछाडि फर्केर हेर्दा एक जना शान्त स्वभावका हँसिला महात्मा देखे । हाँस्दै शान्त स्वरमा महात्माले, "के गर्न लागेको बाबू !" भनी सोध्नुभयो ।

ती व्यक्तिले आफ्नो आत्महत्याको कारण बताइदिए । तिमीले अहिले १ लाख, २ लाख, ३ लाख कति भए पुग्छ म जुटाइदिउँला लौ भन । भनी महात्माले भन्नुभयो । महात्माको कुरा सुन्दा ती व्यक्तिले भने, "प्रभु ! मलाई अहिले १ लाख रुपियाँ मात्र भए पनि प्रयाप्त हुन्छ ।" "यति जावो रकम नपाउँदा तिमीले आफ्नो अमूल्य जीवनलाई नै नाश गर्न अघि बढचौ । ल हिँड म तिमीलाई राजाकहाँ लिएर जान्छु । त्यहाँ पुगेर तिमीलाई रकम दिलाइदिउँला" भनी महात्माले ती व्यक्तिलाई लिएर राजाकहाँ जानुभयो । राजा सभामा बसिरहेका थिए, सभासदहरूको पनि जमघट थियो । महात्माले राजाकहाँ गएर कानमा केही कुरा गर्नुभयो र ती व्यक्ति भए ठाउँमा आएर भन्नुभयो–

"लौ सुन ! राजाबाट हुकुम भएको छ, तिम्रो एउटा आँखा देऊ राजाले १ लाख रुपियाँ बक्स हुन्छ रे ! दुईटै आँखा दिए दुई लाख, यसै गरी तिम्रा शरीरका प्रत्येक अङ्ग एक-एक लाख रुपियाँमा किन्न राजा चाहिबक्सिन्छ ।" कुरा सुनेर ती व्यक्ति टोलाउन थाले । "लौ त तिमीलाई जति लाख चाहिन्छ त्यति अङ्ग दिन तयार होऊ" भनी महात्माले फेरि भन्नुभयो । धेरै बेर घोरिएर ती व्यक्तिले भने, "मेरो यो शरीरको यत्रो मूल्य !" यत्रो अपार धनको राशि आफैं हुँदाहुँदै पनि किन र कसरी मैले यत्रो दुःख र चिन्ता भेल्नुपऱ्यो ? यस सङ्कटबाट बच्ने उपाय पनि बताइदिने कृपा गर्नुपऱ्यो" भनी महात्माको चरणमा परे । महात्माले भन्नुभयो– "बाबू ! शरीरको अर्थ त तिमीले केही बुझ्यौ, अब संसारको अर्थ पनि बुझ । अर्थको मतलब केवल रुपियाँ, धन, सम्पत्ति मात्र होइन, परम अर्थ त्यो हो जसले जीवनको अर्थ बुझ्छ । यस शरीरमा अपार शक्ति छ । त्यस शक्तिको अन्त्य छैन । तिमीले आफूभित्रको त्यक्तिलाई जानेर त्यसको उपयोग गर्न सिक ।" ❖

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ भिक्षु सोण कोटि विंश पाइतालाबाट रगत आउने गरिकन चंक्रमण (=हिंडडुल) गर्दथे ।

★ भिक्षु राष्ट्रपाललाई आफ्नै घरमा भिक्षा मिलेको थिएन ।

★ अंगुलीमाल - बुद्धकालीन डाकु । साँच्चैकै नाउँ : अहिंसक । पिता : भार्ग्य । आमा : मैत्रायणी । यिनले हजारौं मान्छे मारेको थियो तैपनि पछि भिक्षु बने ।

★ भिक्षु कुमार काश्यप बौद्ध विहार भित्रै जन्मेको थियो । उनको आमा गर्भवतीको अवस्थामा भिक्षुणी बनेकी थिइन् ।

★ विशाखाले आफ्नै महालता प्रसाधन (=आभूषण) ९ करोडमा किनी अरू १८ करोड थपी जम्मा २७ करोडको लागतमा भिक्षु संघको लागि पूर्वाराम विहार बनाइदिएकी थिइन् ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# तबला बादक आनन्द मान सिंह

✍ प्रेमलक्ष्मी तुलाधर

नांयात ल्वय्क म्हसिकाः दुम्ह, सकसिंगु लय्ता या पाखें थःत आनन्द ताय्कादीम्ह कमलाछी थुगः ननी कवःया भाजु आनन्द मान सिं तुलाधर, मां चिनी माया तुलाधर, बौ हेराबहादुर तुलाधरया क्वखं चिकिधिकम्ह काय् जुयाः वि.सं १९९० साल फागुन ४ गते विहिवार कुन्हु जन्म जुयादिल । वय्कः बाखँ, चिनाखँ, बुद्ध धर्म सम्बन्धि च्वमि लिसें बाँबाँलाक किपाः च्वय्गुलि च्वसा, न्हयाकामि कलाकार खःसा तबला बादक नं खः ।
वयकः महेन्द्र प्रौढ शिक्षा निकेतन बसन्तपुर ब्वनेकुथिइ पाखें एस. एल.सी. पास यानालि त्रिचन्द्र कलेजय् ब्वनादीगु खः । न्हापा आखः ब्वनेगु स्वयां बनेज्याय् याय्गुलि मन क्वसाकादीम्ह वयकलं थःगु छें क्वय स्तेशनरी पसः तयादीगु खः ।

न्हयाम्ह नापं नं मैत्री भाव तयाः खँल्हायगु, हनाबना, हसिबसि तय्गु थः स्वयां चीधिकपिंत माया याय्गु, हौसला, सरसल्लाह विइगु थम्हं स्युउगु खँ त कनाः उपकार याय्गुलि न्हयचिला दिइम्ह, क्वमिलु स्वभाव, समता भाव दुम्ह ब्यक्तित्त्व खः ।

वय्कःया आखः नं अतिकं बाँलागु छापेयाना तःगु थें च्वंक च्वय्गु यानादीम्ह वय्कः यात दरबारं तक नं सुभाय् भिंतुना, हनापौ आदि च्वकेहइगु जुयाच्वना । उगु इलय् बाँलागु आखःयात सरकारं तक नं मान्यता बियातःगु धैगु खँ वय्कःया काय् भाजु अशोकं कनादीगु खः । वयकः थः काय् म्हयाय्, छय्, पासाभाई थःथिति न्हयाम्हेसिगु बुदिं, जन्को इहिपाः आदि लसताय् नं नां अनुसार छगः छगः आखःयात उदाहरण बियाः भिंतुना, सुभाय् हनापौ आदि च्वयाः फ्रेम तयाः लयताःगु मनं लःल्हाय्गु वयकः या खँ म्हयाय् मयजु मोहिनी नं कनादिल ।

धार्मिक क्षेत्रय् मचाबलय्निसें धर्मकर्म याय्गुलि पलाः न्हयाकादिइम्ह वयकः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी २०२८ सालय् धुंकाः वयकः व तिरिमय्जु कर्ण देवी निम्हं सक्रिय रूपं अध्ययन गोष्ठीया थी थी ज्याभ्वलय् ब्वति काय्गु, थी थी थासय् धार्मिक तिर्थ यात्राया भ्वलय् चार धाम, कामरूकामाक्ष, सिक्किम गुम्बाय्, भगवान पिंत म्हासुगु कापतय् वुट्टा भरेयानाः भगवानयातः दयछाय्गु नं याना दीगु खः । वयकःयात द्यःपिंत छाय्पीगु किपाः च्वयगु धालकी तसकं यःगु जुयाच्वन । अध्ययन गोष्ठीया क्लासय् संघनायक पूज्य अश्वघोष भन्तेपाखें स्यना विज्याःगु बुद्ध धर्म सम्वन्धि च्वसु तालिमय् ब्वति काय्गु व अवलय्निसं लेख, चिनाखँ आदि च्वय्गु लिसें धर्मकीर्ति विहारया लोगोय् च्वंगु भगवान बुद्धया ल्हाःया किपाः नं वयकलं हे च्वयादीगु काय् भाजुं कनादीगु खः । थ्व चिं विहारया ऐतिहासिकता हे क्वबिया च्वंगु लिसें धर्मकीर्ति विहारया विशेष म्हसिका चिं कथं जुयाबिउगुदु । थ्व छगू वयकःया तः धंगु विशेषता खः ।

मचाबलय् निसें चित्रकारिताय् न्हयानाच्वंगु कलम विहारे न्यनागु बाखँया लिधंसाय् किपाः च्वय्गु बानी दुम्ह व खेमा महारानीया किपाः विहारे किपा ब्वज्याय् तयातःगु खँ तिरिमय्जु कर्ण देवीं कनादीगु खः ।

वय्कःया मेगु छगू विशेषता धैगु जमःबहालय् विराजमान जुयाविज्याम्ह मैत्रीवोधिसत्वयाः ल्हा तुति स्यना च्वंगुयात भिंकेगु ज्या नं वयकलं यानादीगु खः । अथे भिंज्यायाय्त गुरूपिंसं विधिपूर्वक वयकःया ल्हातय् पूजा यानाबिज्यागु खः । अथे पूजा याय् धुंकाःतिनी वयकःलं भिंके ज्या लांलां बिक यानादीगु खः । अथे जिर्णोद्धार यायत म्हेपियागु चाः श्रीखण्ड, नेपाली भों आदि न्हायाः दय्कादीगु लिसें द्यःपिंत पताः छाय्गुलि नं वुट्टा छाय्पिगुलि नं निपुण जुयादिगु खँ मय्जु कर्णदेवीं कनादीगु खः ।

उलिजक मखु भाषाः संस्कृति, संगीत, भजन प्रति लगाव दुगु व प्याखँ हुलेगुलि नं मन न्हयाःम्ह जुयाच्वन । छक्वः जापानिज भाषा स्यनाच्वंवलय् पासापिं मिलेजुयाः प्याखँ हुलेगु व नाटक म्हितेगु अभ्यास थःगु हे छेँ यानादीगु नं जुयाच्वन ।

वि.सं. २०६३ सालय् स्थापना जूगु धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः निस्वना कालं निसें ज्यासना पुचलय् च्वनाः तबला वादक जुयाः निरन्तरता वियादीम्ह



Downloaded from http://www.dhamma.digital

भाजु आनन्दमान भजन प्रति अतिकं मन क्वसाम्ह खः। वयकलं तबला थाय्‌बलय् मन अति प्रशन्न जुइगु खँ थ्व च्वमियात कनादीगु खः। धर्मकीर्ति भजनय् हार्मोनियम थानादिइपिं मय्‌जुपिं प्रति नं अतिकं लयतायाः हौसला नं वियादिइम्ह वयकः श्रीघः ज्ञानमाला भजनय्, मछिन्द्र वहाः ज्ञानमाला भजनय् नं सक्रिय रूपं तबला वादक जुयाः न्हयानाच्वंगु पलाः सायद प्यला न्याला जक दिपाःकालला धैथे च्वं म्ह मफयाः। भजन याय्‌बलय तबला थाइपिं मदयाः तसकं आपद जुइबलय् वयकःया हपालं तःधंगु लिधंसा जुयाविइ। तर थौं वयकः यात धर्मकीर्ति भजनं तसकं लुमंका च्वंगु दु। छाय धायबलय् निस्वार्थ भाव पिज्वम्ह तबलावादक आनन्दमान दाई तसकं आवश्यक जुयाबिउगु दु। न्हापां "आनन्द दाई भजनय् झायादिइमाल धकाः फोन याय्‌बलय् "वल वलन्हिं" धकाः धाइगु वयकःया सः आतकनं न्हयाय्‌पनय् थ्वयाः च्वंगु दु। म्हाः मला, धका गबलें धाय् मसःम्ह अहम्, घमण्ड, तं, तःधंछु धैगु भ्याःभचाः हे मदुम्ह वयकः गबले गबलें भजन याय्‌बलय् भ्वातां दनाः धयाच्वनादिगु थें च्वं "तबला थाइपिं मवला ? तबला थायमाः धकाः मस्युला ? धन्दा कायम्वा जिं हें– तबला थानांबिइ" धका लय्‌ताःगु मनं लसतां जागु ख्वालं मुसुहुं न्हिलाः तबला थानादिगु थे च्वना वः।

छक्वः वयकःया जीवनय् तःधंगु घाः लागु जुयाच्वन। अबलय् वयकः न्हयन्हु तक अचेत जूबलय् धम्मवती गुरूमां, मां गुणवती गुरूमां, चमेली गुरूमां पिं छेँय् बिज्याना न्हि न्हि परित्राण पाठ यानाबिज्यागु जुया च्वन। न्हयन्हु लिपाः वयकः नं बल्ल मिखा कनाःहगु व न्हूगु जीवनया प्रादुर्भाव जूगु थें ताय्‌का दिल। अथेजुसांनिसें त्रिरत्न व गुरूमांपिं प्रति झन हे श्रद्धा अप्पोया वगु कर्णदेवी ततां कनादिगु खः।

म्हं मफुसानं सुम्क मच्वंसे चिनाखँत आदि च्वयाच्वनिगु वयकःया बानी दुगु जुया च्वन। अथेहे च्वय्‌गु भ्वलय् थःगु जीवनय् ह्यूपाः वःगु ताय्‌काः अनित्यता यात थुइकुसे वयक नं अन्तिम अथवा जीवनय् दकलय् लिपांगु च्वसुं ...अथेहे न्हयोथने – "उपज्जित्त्वा निरूज्झन्ति तेसं वूप समोसुखों – थ्व झीगु जीवन छगू न्हयाना च्वंगु खुसी थें खः झीगु मिखां स्वयवले न्हयानाच्वंगु खुशी न्हयाभलें उथें उथें च्वसां वास्तवय व लः न्हयाः वनाच्वंगु हे दु। ल : हिला वनाच्वंगुला वाःहे मचा। न्हयावलें स्वसां वहे खंःसां लः वहे मखुत। थथेहेतुं झीगु जीवन नं उत्तिहे न्हयानाच्वंगु दु। भ्याः भचा हे न्हयानाच्वंगु खने मदुसां, भिन्नता गनंहे खने मदुसां इलं झीसं भिन्नता प्वंकाच्वंगु बाँलाक सिइदु। आ थन झीगु जीवन सैलिया विषय पाना वनाच्वंगु दु। छतिं वाः मचाय्‌क पाना वना च्वंगु दु। झीगु जीवन दिनप्रतिदिन न्हयाः वनाच्वंगु बाँलाकहे सिइदु। अथवा जिगु अनुभवया बारे छत्वाःचा खँपु ल्वाक छ्याय्‌त्यना थ्व फुक्क झीगु शारीरिक व मानसिक अनुभवया बारे च्वया च्वनागु खः। न्हापा न्हापा गुभलें नं मजूकथं म्हं मफयावल शारीरिक अवस्था सुथां मलानाः गुबलें छ्यो स्याः गुबलें प्वाः स्याः गुबलें तुतिस्याः। थ्वला गुवलें मजू कथं जुया वः बले शरीर झीगु वहे खः सां शारीरिक अंग प्रत्यंग फुकं पाना वंगु वाःचाया वल। गुबलें मजूगु घटना या अनुभव जुयावल। न्हापाला अथे गुबलें मजूम्ह। आः गथे जूगु थ्व ला जुइका च्वंम्हेस्यां तकनं धाय् मफुत थ्व शारीरिक अंग प्रत्येङ्ग पाना वंगुया छगू दसु जक खः।

छुं वस्तु हिलावना च्वंगु छतिं मचाःगुला स्वभाविकहे जुल। थ्व विषय पाना वनाच्वंगु जितः जक अवश्य खै मखु। थ्व हलिमय् गुलिनं प्राणीपिं दु सकसिंत लगय्‌जुयाच्वंगु खः। थ्व विषयलय् सुनानं भचा हे नुगः स्याके माःगु मदु। जन्मय् जुयाच्वंपिं फुकस्यां छन्हु ला अवश्य तोता वनेमानि धाःसा थुकिं नुगः स्याकेमाःगु छतिं मदु। बुद्धं धयाःविज्याथें **"उपज्जित्त्वा निरूज्झन्ति तेसं वूप समोसुखो"**। वयकः स्वचित्तं स्वमन, इमान्दारीपन बुद्ध धर्मप्रति समर्पित जीवन अन्तिम इलय् तक नं नमो तस्स....धाधां प्राण त्वतादीगु खँ परिवारं कना दीगु खः।

वयकःयात विशेष च्वमि पाखें व धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः नं न्हयावलें लुमंकुसे श्रद्धां जाःगु मनं अभिवादन यासे निवार्णया पथय् न्हयावनेमा धकाः भावपूर्ण आशिका यानाच्वना। ❖





Downloaded from http://www.dhamma.digital

स्वास्थ्य सम्वन्धी केही जानकारी

# दम रोगको सामान्य उपचार

मानवजीवनमा स्वस्थ रहनु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो। आफ्नो शरीरलाई कसरी रोगमुक्त बनाउने भन्ने विषयमा ध्यान पुऱ्याउनु राम्रो हो भन्ने कुरामा कसैको दुई मत नहोला । यसै कारण आयुर्वेदमा एउटा श्लोक छ "धर्म अर्थ काम मोक्षाणां आरोग्य मुल साधनम्" अर्थात् मानवजीवनमा जति पनि काम-कर्तव्यहरू पूरा गर्नुपर्ने दायित्वहरू आउँछन् त्यो दायित्व पूर्ति गर्नका लागि निरोगी हुनुपर्दछ ।

'आरोग्य' नै मूल साधन हो । मानिसलाई रोग किन हुन्छ र रोग लाग्ने कारणहरू के-के हुन् त भन्ने विषयमा जिज्ञासा हुनु स्वभाविक कुरा नै हो। मानिसलाई स्वस्थ र अस्वस्थ बनाउनुमा उनको खानपान, रहनसहन, वातावरण आदिले महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । हिजोआज जाडोको मौसम सुरु हुन लागिरहेको छ, यो मौसममा अरू रोगीहरूलाईभन्दा दम-खोकीका रोगीहरूलाई बढी असर गरिरहेको हुन्छ । दमको रोगीहरूलाई गर्मीयाममाभन्दा पनि जाडोयाममा बढी चाप बढेको महसूस हुन्छ ।

दमको रोग भनेको के हो र दम किन हुन्छ त भन्ने विषयमा हामी चर्चा गर्दैछौं । यस रोगको बारेमा विभिन्न चिकित्सा शास्त्रीहरूले आआफ्नै ढङ्गले परिभाषित गर्नुभएको हुन सक्दछ। दम हुनुको मुख्य कारण नै श्वास-प्रश्वास प्रणाली (Respiratory System) कमजोर हुनु हो। मानवशरीरको हरेक अङ्ग-प्रत्यङ्गहरूको पोषण रगतद्वारा नै हुने हुन्छ। श्वासनलीलाई कहिलेकाहीँ उचित पोषणको अभावले कमजोर हुन जान्छ र श्वासनलीमा हानी पुऱ्याउने तत्त्वहरू जम्मा हुन्छन्। तब श्वासनली खुम्चिन जान्छ र कमजोर हुन्छ। र, त्यसमा कफ जम्मा भएर पनि नभएर पनि रोगीलाई श्वास लिन अप्ठयारो महसूस हुन्छ र त्यसैबाट दमको रोगको सुरुवात हुन्छ ।

दमको रोग केटाकेटीअवस्थादेखि लिएर बूढेस-कालसम्म पनि लाग्ने सम्भावना रहन्छ। दमरोगीको मुख्य लक्षण नै श्वास लिनलाई एकदम कठिनाई महसूस हुनु हो। श्वास छोड्दा स्या...ई स्या...ई आवाज आउनु, श्वास लिँदाखेरी छातिका करङ्गहरू भित्र पसेको जस्तो महसूस हुनु साथै छातिमा दवाव भएको जस्तो लाग्नु दम रोगका लक्षणहरू हुन् । पछि गएर पिसाब राम्रोसँग नहुनु, खानपानमा रुची नभएको जस्तो हुनु, काम गर्नमा जाँगर नचल्नु, नाडीको चाल पनि कम भएर जानुको साथै कसै कसैलाई ज्वरो र खोकी तथा बाक्लो खकार पनि आउन सक्दछ ।

**उपचार -**

१. दमको रोगी हावा राम्रोसँग नछिर्ने कोठामा (बन्द कोठामा) नबसी खुल्ला हावामा टहल्नु राम्रो हुन्छ ।
२. प्रशस्त झोल पदार्थ सेवन गर्ने, तातो पानी पिउने र वाफ लिनु राम्रो हो ।
३. दमको रोगीहरूलाई निन्द्रा लगाउने औषधीको प्रयोग हानीकारक हुन सक्दछ ।
४. आँपको कोयाको गुदी सुकाएर चूर्ण (धुलो) बनाई ३ ग्रामको मात्रामा बिहान-बेलुका मनतातो पानीसँग सेवन गर्ने (३ देखि ४ हप्तासम्म)
५. तुलसीको पात ५ वटा र जेठी मधु २ ग्राम जति पानीमा उमाली चियाजस्तै पिउने ।

**आयुर्वेदिक उपचार -**

टङ्कणभस्म १० ग्राम, श्रृङ्गभस्म १० ग्राम र गोदन्तीभस्म ५ ग्रामलाई सितोपलादी चूर्ण २० ग्राम मिलाई ४५ मात्रा गर्ने र बिहान-बेलुका मनतातो पानीसँग सेवन गर्ने ।

चरक आयुर्वेद कम्पनीको Spasma Liquid २/२ चम्चा खानापछि खाने साथै सण्डू ब्रदर्स कम्पनीको Ephenin Tablates खानाअघि २/२ चक्की पानीसँग खाने ।

( बाँकी १४ पेजमा )



Downloaded from http://www.dhamma.digital

# बौद्ध प्रश्नोत्तर-११

*सम्पादिका-* **धम्मवती**

*अनुवाद-* **दिलकमल तुलाधर**

प्रश्न- २९२. **मार्ग, सत्य, धर्म र मनुष्यमध्ये को श्रेष्ठ ?**

उत्तर- मार्ग - अष्टाङ्गिक मार्ग,
सत्य - चतुरार्य सत्य,
धर्म - वैराग्य,
मनुष्य - सम्यक्‌समबुद्ध ।

प्रश्न- २९३. **सम्यक्‌सम्बुद्ध बौद्ध धर्म अनुसार ६ दिशालाई नमस्कार गर्नु भनेको के ?**

उत्तर- पूर्व दिशा - आमाबाबु,
दक्षिण दिशा - आचार्य गुरूहरू,
पश्चिम दिशा - पति, पत्नी,
उत्तर दिशा - साथीहरू,
तलको दिशा - नोकर चाकर,
माथीको दिशा - श्रमण ब्राह्मणहरू ।

प्रश्न- २९४. **वेणुवन विहार, पूर्वाराम विहार कसले बनाइदिएको हो ?**

उत्तर- वेणुवन - बिम्बिसार महाराजले,
पूर्वाराम - विशाखा उपासिका ।

प्रश्न- २९५. **भगवान बुद्धको अन्तिम उपदेश के हो ?**

उत्तर- भिक्षुहरू, सबै संस्कार अनित्य भनी बुझी अप्रमादी भई राम्रो गुण धर्म सम्पादन गर्नु सिक ।

प्रश्न- २९६. **अन्तिम शिष्य सुभद्रले अन्तिम समयमा सोधेको प्रश्न के ?**

उत्तर- सबैले आफ्नो धर्म श्रेष्ठ भन्दछन् यो सत्य कि असत्य ?

प्रश्न- २९७. **सुभद्रलाई भगवान् बुद्धले के भन्नु भयो ?**

उत्तर- सबैले आफ्नो धर्म ठूलो छ भन्ने त स्वाभाविक हो तर जुन धर्ममा चार आर्य सत्य देखिन्छ त्यही धर्म ठूलो हो ।

प्रश्न- २९८. **सबभन्दा पहिले बुद्ध, धर्म र संघको शरण जाने को हो ?**

उत्तर- यश कुमारको पिता ।

प्रश्न- २९९. **भगवान् बुद्धले प्रशंसा गर्नु भएको गणतन्त्र देशको नाउँ के ?**

उत्तर- वैशाली गणतन्त्र ।

प्रश्न- ३००. **चार चैत्यमध्ये बुद्धकालमा कुन-कुन चैत्य थिए ?**

उत्तर- धातु चैत्य र परिभोग चैत्य ।

प्रश्न- ३०१. **लुम्बिनी विकासको काममा विशेष ध्यान दिने एक बौद्धको नाउँ के ?**

उत्तर- भूतपूर्व राष्ट्र संघका महामन्त्री बर्माका ऊथान्त ।

प्रश्न- ३०२. **श्री ५ महेन्द्रले वैशाख पूर्णिमाको दिनमा हिंसा कर्म बन्द गर्ने हुकुम बक्सेको कुन सालमा र कुन ठाउँमा ?**

उत्तर- २०१२ सालमा लुम्बिनी सवारी हुँदा । ❖

> ● **"मेरो बाँच्ने समय कमै छ, रोग र बृद्धावस्थाले मलाई जितीरहेको छ । शरीर बिनास हुनु अघि नै गर्नुपर्ने गरिहाल्नु पर्छ । समयलाई खेर फालेर प्रमादी हुनु भएन ।" – मित्रकाली थेरी**

*( क्रमश: १३ पेजबाट )*

## दम रोगको सामान्य उपचार

**दमको रोग हुन नदिनको लागि अपनाउनुपर्ने सामान्य कुराहरू-**

- सकेसम्म मुखबाट श्वास नलिने, नाकबाट नै श्वास लिने ।
- खानपानमा प्राकृतिक, शुद्ध खाना खाने । जस्तै– चिल्लो पदार्थ बढी नखाने, बोसोयुक्त खाने कुरा, जाँड-रक्सीको सेवनबाट टाढा बस्ने ।
- कसरत गर्ने, ताजा हावामा घुम्ने, श्वास लिने ।
- धुम्रपान तथा सूर्ति सेवन नगर्ने ।

*(साभार- **आयुर्वेद मासिक**, पारिवारिक स्वास्थ्य पत्रिका, वर्ष १, अङ्क १, माघ २०५८)*



Downloaded from http://www.dhamma.digital

# गल्तीइ सुम्क च्वनेगु मुर्खता जुइफु

✍ सुनिता मानन्धर

विरोध यायेगु धायेवं थुइकी सुयां नाप खँ मिले मजुइगु । बिचाः पाइगु । ल्वापु दंकेगु । वैचारिक विभेद जुइगु । अफ्न हडताल बन्द, नाकाबन्दी तकं यायेगु । थुलि जक मखु विरोधया कारणं ल्वापु, हत्या हिंसा तकं याइ । उकी सदां निगू पक्ष दइ । समर्थक व विरोधी । समर्थक सहकर्मी जुल विरोधी ला मिखाया धू । दुश्मन शत्रु कथं नाली । गन बिरोधया सः थ्वइ अन ल्वापु दइ । शत्रुभाव ब्वलनी । अशान्तिं थाय् काइ । उकिं बिरोध याये मजिउ । सह यानाः च्वनेमाः । थ्व सकसिनं सिउगु खँ खः । सकसिनं धाइगु धापू नं खः । तर छु न्ह्यागुं इलय् नं सह जक यानाः च्वनेगु गुलि पायछि ?

मखुगु ज्या खँ गुलिसिनं चायेकं याइ । गुलिसिनं मचायेक । थःगु मिखाया न्ह्यःने गल्ती याःसां सुम्क च्वनेगु मूर्खता जुइफु । वं थुकियात बारम्बार दोहोरे याना तुं च्वनेयः । थथे यायेगु असत्ययात सही धाये थें जुइफु । उकिं थः म्हं सीक सीकं खंक खंक सुम्क सह याना च्वनेगु भ्रन तः धंगु असत्य जुइफु । असत्य याम्हेसित धायेमाः । ख्यायेमाः । सजाय बीमाः धइगु नं मदु । शान्त कथं नं थुकी बिरोध प्वंकेफु ।

बुद्ध न्ह्याम्हं जुइफु । तर थुकिया लागिं थीथी गुणधर्म पूवंकेमा : । पारमिता पूवंकेमाः । सिद्धार्थ कुमार नं बुद्ध जुइगु लागि कालान्तर न्ह्यः निसें पारमिता पूवंका बिज्याःगु खः । थुकि दुथ्याःगु छगू पारमिता क्षान्ति पार मिता खः । क्षान्तिया साधारण अर्थ सह यायेगु खः । थुकि स्वंगू कार्यक्षेत्र कयातःगु दु – संस्कारपाखें वइगु दुःख सह यायेगु, थःगु कारणं वइगु दुःख स्वभाव सह यायेमाः । तर अथे खःसां तथागत बुद्धं हरेक परिस्थितिइ सह जक याना बिज्याःगु नं खनेमदु । असत्य ज्याखँयात तथागतं सदां बिरोध यानाबिज्याःगु दु ।

बुद्ध शासनय् थीथी कथंया विनय (नियम) दु । तथागत बुद्धं ईकथं विनय प्रतिपादन याना बिज्याःगु घटना नं दु । वसपोलं बुद्ध शासन चीर काल तकं स्थायी यायेगु विनय दयेकाः बिज्यात । थुकिं बुद्ध शासनय् थः यत्थें याये मजिउगु खँ स्यना बी । यदि बुद्ध शासनय् न्ह्याथेज्याःगु ब्यवहार याःसां तथागत सुम्क च्वनाबिज्याःगु खः सा वसपोलं इलय् ब्यल विनय नं प्रतिपादन यानाबिज्याइ मखु जुइ । बुद्धकालय्  जक हे वसपोलं यक्व हे विनय प्रतिपादन याना बिज्याःगु दु ।  थन छ वर्गीय भिक्षुपिनि कारणं प्रतिपादन याना बिज्याःगु विनय छकः स्वये । थुगु इलय् वसपोलं च्यागू विनय प्रतिपादन यानाबिज्यात । गुगु थुकथं दु, –'म्वः ल्हुइबलय् सिमा बः कयाः खिति तुइके मजिउ । चुरा आदि तिसा ती मजिउ । निला वा निपतिं स्वयाः ताः हाक यानाः सँ लहिइ मजिउ । न्हाय्कं स्वये मजिउ । (तर ल्वगिं स्वये जिउ) म्यैं, बाद्यवादन न्यनेगु, प्याखँ तमासा स्वयेगु याये मजिउ । म्यैंया लसय् धर्मपाठ याये मजिउ । मकसकुटी दयेके जिउ । चक्रमण व म्वः ल्हुइगु क्वथाया ब्यवस्था याये जिउ ।' थुकथं तथागत बुद्धं मनीगु खँया बिरोध याना बिज्यात । बांलाःगु खँय् समर्थन याना बिज्यात ।

खयत ला देवदत्तं नं तथागतयात न्यागू बर फ्वंगु खः । तर वसपोलं देवदत्तया वर पायछि तायेकाः बिमज्याः उकिं वसपोलं उकी समर्थन याना बिमज्याः । वसपोलं उगु खँया बिरोध याना बिज्यात ।

सकसिनं सिउ तथागत बुद्ध अहिंसा प्रेमी । वसपोल सदां हिंसाया बिरोधी । तर वसपोलया बिरोध यायेगु शैली पाः । बुद्धकालय् रोहिणी खुसिया कारणं शाक्य व कोलिय दथुइ  ल्वापु जुलं । थुगु ल्वापुं तःधंगु युद्धया थाय् काइगु जुल । थुगु खँ तथागतं सीका बिज्यात । थुगु इलय् वसपोल सुम्क च्वनाः बिज्यात । वसपोल रोहिणी खुसिया दथुइ आसन दयेकाः च्वना बिज्यात । थुकिं यानाः निगू पुचलं युद्ध याये मफुत । वसपोलया उपदेश न्यनाः शाक्यपाखें निसःत्या व कोलिय पाखें निसः प्रवजित जुल । थन वसपोलं



Downloaded from http://www.dhamma.digital

युद्धया बिरोध याना बिज्यात । ल्वानाः हत्या हिंसा यानाः मखु, बरू शान्तपूर्वक ।

वसपोलं कौसाम्बी भिक्षुपिंत नं शान्त कथं विरोध यानाबिज्याःगु खः । बुद्धकालय् कोसाम्बी भिक्षुपिनि मतभेद जुल । छम्हं मेम्हेसित द्वपं बिल । थुगु इलय् तथागतं इमित थुइका बिज्यात । अयनं इमि दथुइ खँ मिले मजुल । थुगु इलय् तथागत इपिं नापं च्वना बिमज्याः । वसपोल पारिलेयक बनय् दुहां बिज्यात । वसपोल कोसाम्बीया खँय् भिक्षुपिंत बिरोध यासें पारिलेयक बनय् बिज्यात । थुकथं वसपोलया बिरोध यायेगु छगू शैली दु । विरोधं सदां स्यंकी हे धइगु नं मदु । यदि कौसाम्बी भिक्षुपिंत विरोध मयाःगु जूसा बुद्ध शासनय् झन ल्वापुं थाय् काइगु जुइ । विरोधं सदां ल्वापु हे दंकी धयागु नं मदु ।

बुद्धकालय् देव-दत्तयात विरोध याःगु कारणं संघभेद जुल । थ्व सत्य खः । थुगु इलय् न्यासःम्ह भिक्षुं अलग संघ दयेकल । अन थः कथंया विनय दयेकल । तर बुद्ध शासनया विनय मस्यन । बुद्धशासन ताः कालतक स्थायी जुल । तर देवदत्तया संघ अस्थायी जुल ।

विरोध यायेवं अन हिउपाः वइ । थुकिया कारणं अन न्हूगु लँपू नं चाली । थुकिं सघर्षया लँपु क्यनी । गुगु संघर्ष अझ बांलाःगु भिंगु लँपु नं लुइका बी । असत्य व अकुशलया बिरोध यायेगु हे मानव धर्म खः । मानवता नं खः । असत्ययात मिखा तिसिना नाला काइम्ह मात्र प्राणी जुइ । मनू जुयाः म्वाये फइमखु । विराधयात धायेवं ल्वायेमाः ख्यायेमाः । हत्याहिंसा यायेमा । युद्ध यायेमाः । दुःख बीमाः धइगु मदु । मध्यममार्ग लिनाः नं बिरोध यायेफु । ❖

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ विशाखाले आफ्नै महालता प्रसाधन (=आभूषण) ९ करोडमा किनी अरू १८ करोड थपी जम्मा २७ करोडको लागतमा भिक्षु संघको लागि पूर्वाराम विहार बनाइदिएकी थिइन् ।

★ विशाखा महाउपासिका (=मृगारमाता) - दानमा अग्रस्थान प्राप्त महाउपासिका । पिता : धनञ्जय सेठ । आमा : सुमनादेवी । बाज्ये : मेण्डक श्रेष्ठी । ससुरा : मृगार सेठ । पति : पूर्णवर्धन । १० पुत्रहरू, १० पुत्रीहरू, २०० नातिहरू, २०० नातिनीहरू । बासिन्दा : श्रावस्ती । माइतिघर : साकेत । १२० वर्षको उमेरमा मृत्यु ।

★ विशाखा ७ वर्षको उमेरमा श्रोतापन्न भएकी थिइन् ।

★ पिता धनञ्जयले विशाखालाई ९ करोड जाने महालता आभूषण बनाइदिएका थिए भने उनको ससुरा मृगार श्रेष्ठीले १ लाख जाने “घनमट्टक” आभूषण बनाइदिएका थिए ।

★ विशाखा महाउपासिकाले बुद्धसँग तलका ८ वरहरू मागेकी थिइन् –

(१) भिक्षु संघलाई नुहाउने कपडा दिनु
(२) आगन्तुकहरूलाई भोजन दान दिनु
(३) यात्रीहरूलाई भोजन दान दिनु
(४) रोगीहरूलाई भोजन दान दिनु
(५) रोगीको सेवकलाई भोजन दान दिनु
(६) रोगीहरूलाई औषधी दान दिनु
(७) रोगीहरूलाई जाउला (=यागू) दान दिनु
(८) भिक्षुणीहरूलाई ऋतुमती कपडा दान दिनु

★ नकुलमाता र नकुलपिता - यी दुई गृहस्थी दम्पतिले बुद्धलाई “पुत्र” भनी सम्बोधन गरेका थिए ।

★ तथागतले हस्तक आलवक नामक राजकुमारलाई आलवक राक्षसको हातबाट बचाएका थिए ।

★ बुद्धका प्रथम उपासकहरू - तपस्सु र भल्लुक - मध्ये भल्लुक पछि भिक्षु भएका थिए ।

★ आलार कालमको शिष्य पक्कुसले पछि बुद्ध-धर्म स्वीकार गरेका थिए ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# The Great Horse Knowing-one–18

## ( Courage )

Once upon a time, King Brahmadatta ruled in Benares, in nothern India. He had a mighty horse, who had been born in the land of Sindh, in the Indus River valley of western India. Indeed, this horse was the Enlightenment Being.

As well as being big and strong, he was very intelligent and wise. When he was still young, people noticed that he always seemed to know what his rider wanted before being told. So he was called Knowing-one.

He was considered the greatest of the royal horses, and was given the very best of everything. His stall was decorated and was always kept clean and beautiful. Horses are usually faithful to their masters. Knowing-one was especially loyal, and was grateful for how well the king cared for him. Of all the royal horses, Knowing-one was also the bravest. So the king respected and trusted him.

It came to pass that seven neighboring kings joined together to make war on King Brahmadatta. Each king brought four great armies - an elephant cavalry, a horse



cavalry, a chariot brigade and ranks of foot soldiers. Together the seven kings, with all their armies, surrounded the city of Benares.

King Brahmadatta assembled his ministers and advisers to make plans for defending the kingdom. They advised him, "Do not surrender. We must fight to protect our high positions. But you should not risk your royal person in the



Downloaded from http://www.dhamma.digital

beginning. Instead, send out the champion of all the knights to represent you on the battlefield. If he fails, only then must you yourself go."

So the king called the champion to him and asked, "Can you be victorious over these seven kings?" The kinght replied, "If you permit me to ride out on the bravest and wisest, the great horse Knowing-one, only then can I win the battle." The king agreed and said, "My champion, it is up to you and Knowing-one to save the country in its time of danger. Take with you whatever you need."

The champion kinght went to the royal stables. He ordered that Knowing-one be well fed and dressed in protective armor, with all the finest trimmings. Then he bowed respectfully and climbed into the beautiful saddle.

Knowing-one knew the situation. He thought, "These seven kings have come to attack my country and my king, who feeds and cares for the trusts me. Not only the seven kings, but also their large and powerful armies threaten my king and all in Benares. I cannot let them win. But I also cannot permit the champion knight to kill those kings. Then I too would share in the unwholesome action of taking the lives of others, in order to win an ordinary victory. Instead, I will teach a new way. I will capture all seven kings without killing anyone. That would be a truly great victory!"

Then the Knowing-one spoke to his rider, "Sir knight, let us win this battle in a new way, without destroying life. You must only capture each king, one at a time, and remain firmly on my back. Let me find the true course through the many armies. Watch me as you ride, and I will show you the courage that goes beyond the old way, the killing way!"

As he spoke of 'a new way', and 'the true course', and 'the courage that goes beyond', it seemed the noble steed became larger than life. He reared up majestically on his powerful hind legs, and looked down on all the armies surrounding the city. The eyes of all were drawn to this magnificent one. The earth trembled as his front hoofs returned to the ground and he charged into the midst of the four armies of the first king. He seemed to have the speed of lightning, the might of a hundred elephants, and the glorious confidence of one from some other world.

The elephants could remember no such horse as this, and so the elephant cavalry retreated in fear. The horses knew that this their relative was the worthy master of them all, and so the horse cavalry and the chariot brigade stood still and bowed as the Great Being passed. And the ranks of foot-soldiers scattered like flies before a strong wind.

The first king hardly knew what had happened, before he was easily captured and brought back into the city of Benares. And so too with the second, third, fourth and fifth kings.

In the same way the sixth king was captured. But one of his loyal bodyguards leaped out from hiding and thrust his sword deep into the side of the brave Knowing-one. With blood streaming from the wound, he carried the champion knight and the captured sixth king back to the city.

When the knight saw the terrible wound, he suddenly became afraid to ride the weakened Knowing-one against the seventh king. So he began to



Downloaded from http://www.dhamma.digital

dress in armor another powerful was horse, who was really just as big as Knowing-one.

Seeing this, thought suffering in great pain from his deadly wound, Knowing-one thought, "This champion knight has lost his courage so quickly. He has not understood the true nature of my power - the knowledge that true peace is only won by peaceful means. He tries to defeat the seventh king and his armies in the ordinary way, riding an ordinary horse.

"After taking the first step of giving up the killing of living beings, I cannot stop part way. My great effort to teach a new way would disappear like a line drawn in water!"

The great horse Knowing-one spoke to the champion knight. "Sir knight, the seventh king and his armies are the mightiest of all. Riding an ordinary horse, even if you slaughter a thousand men and animals, you will be defeated. I of the mighty tribe of Sindh horses, the one called Knowing-one, only I can pass through them harming none, and bring back the seventh king alive!"

The champion knight regained the courage. The brave horse struggled to his feet, in great pain. While the blood continued to flow, he reared and charged through the four armies, and the knight brought back the last of the seven warlike kings. Again all those in his path were spared from harm. Seeing their seven kings in captivity, all the armies laid down their weapons and asked for peace.

Realizing that the great horse Knowing-one would not live through the night, King Brahmadatta went to see him. He had raised him from a colt, so he loved him. When he saw that he was dying, his eys filled with tears.

Knowing-one said, "My lord king, I have served you well. And I have gone beyond and shown a new way. Now you must grant my last request. You must not kill these seven kings, even though they have wronged you. For, a bloody victory sows the seeds of the next war. Forgive their attack on you, let them return to their kingdoms, and may you all live in peace from now on.

"Whatever reward you would give to me, give instead to the champion knight. Do only wholesome deeds, be generous, honor the Truth, and kill no living being. Rule with justice and compassion."

Then he closed his eyes and breathed his last. The king burst into tears, and all mourned his passing. With the highest honors, they burned the body of the great horse Knowing-one - the Enlightenment Being.

King Brahmadatta had the seven kings brought before him. They too honored the great one, who had defeated their vast armies without spilling a drop of blood, except his own. In his memory they made peace, and never again did these seven kings and Brahmadatta make war on each other.

The moral is: True peace is only won by peaceful means.

*to be continue ...*

*(Source: Prince Goodspeaker)*

**"Speak the truth, do not yield to anger; give, if thou art asked for little; by these three steps thou wilt go near the gods."** *– Dhammapada*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

*२०७४ पौष २९ गते, शनिवार*

### विषयः विसुद्धि मार्ग

*प्रवचक- डा. त्रिरत्न मानन्धर*

*प्रस्तुति- सुर्य काजी शाक्य*

(१) **कायगता अनुस्मृति –**

अनुस्मृति ध्यान १० प्रकारका छन् । कायगता ध्यान पनि यस अन्तरगत पर्दछ। भगवान बुद्धका धर्मको विशेषता भन्नु नै विभाजन गरी हेर्नु हो । यस कायगत अनुस्मृति अन्तरगत शरीरको अंगको रूपमा रहेको ३२ वटा कोट्ठासलाई बिभाजन गरी हेर्नु हो । यी ३२ वटा कोट्ठास यस प्रकार छन्–

१. केसा (केश) २. लोमा (शरिरको रौं) ३. नखा (नङ्ग) ४. दन्ता (दाँत) ५. तचो (छाला) ६. मंसं (मासु) ७. न्हारू (नसा) ८. अट्ठि (हड्डी) ९. अट्ठिमिञ्जं (Bone Marrow) १०. वक्कं (मृगौला) ११. हदयं (मुटु) १२. यकनं (कलेजो) १३. किलोमकं (झिल्ली) १४. पिहकं (फियो) १५. पप्फासं (फोक्सो) १६. अन्तं (ठूलो आन्द्रा) १७. अन्तगुणं (सानो आन्द्रा) १८. उदरियं (पेट) १९. करिसं (मल) २०. मत्थलुङ्गं (गिडी) २१. पित्तं(पित्त) २२. सेम्हं (खकार) २३. पुब्वो (पीप) २४. लोहित (रगत) २५. सेदो (पसिना) २६. मेदो (मासुमा आउने तेलिय पदार्थ २७. अस्सु (आंसु) २८. वसा (वोसो) २९. खेलो (थुक) ३०. सिङ्घानिका (सिंगान) ३१. लसिका (दुइता हड्डिको विचमा पाइने तेल) ३२. मुत्तं (पिसाब)

यि माथिका ३२ कोट्ठासलाई अनुलोम प्रतिलोम गरी ध्यान भावना गर्दा शरिर प्रतीको आसक्ती हट्न गई निर्वाण प्राप्त गर्नको लागि सहायक हुन्छ ।

(२) **आनपान अनुस्मृति –**

मानिसहरूमा आस्वास प्रस्वास सँधै नै आफुसंग हुन्छ। भित्र आउने आस्वास र बाहिरिने प्रस्वास निरन्तर चलिरहन्छ, यसलाई सान्त र सजग भई हेरी राख्नु नै आनपान ध्यान हो । आनपान ध्यानलाई भगवान बुद्धले पनि उच्च महत्त्व दिई प्रशंसा गर्नु भएको छ, महाफलदायक र महाआनिशंसदायक भन्नु भएको छ। यो आनपान ध्यान समथ ध्यान हो, तर पनि यो विपस्सना ध्यान पनि हो। यस ध्यानको निरन्तर गहिरो अभ्यास गर्नाले क्लेशहरू राग द्वेषबाट मुक्त हुन जान्छ। निर्वाण लाभ हुन्छ।

स्वास प्रस्वास र मानसिक कृयाकलाप बिच अन्योन्याश्रीत सम्वन्ध हुन्छ, त्यसकारण यो आनपान अभ्यासले मानसिक शान्तिको साथै कतिपय शरिरको रोगहरू पनि निदान हुन्छ र मनको विकारलाई नाश गर्छ ।

यस ध्यानलाई विसुद्धि मार्गमा १६ प्रकारले निर्देशन दिइएको छ। आनपान अभ्यासको लागि अरञ्ञ वा शान्त स्थानमा गई शरीरलाई शिधा पारी पलेटी कसी बसेपछि आइरहेको र गई रहेको स्वासलाई स्मृति पूर्वक आइरहेको छ भने आई रहेको छ र गई रहेको छ भने गई रहेको छ, लामो छ भने लामो छ छोटो छ भने छोटो छ भनी जानेर अभ्यास गरिन्छ ।

(३) **उपसमानु स्मृति –**

उपसम भनेको उपसमन हुनु वा शान्त हुनु हो । यस उपसमानु स्मृति ध्यान अन्तरगत तृष्णा रहित शान्त अवस्थाका स्मरण गरी ध्यान गरिन्छ । सम्पूर्ण रूपमा दुखका नाश भएको अवस्थाका गुणलाई स्मरण गरिन्छ। यसरी उपसमानु स्मृति ध्यान गरिन्छ ।

**यो च वस्ससतं जीवे, अपस्सं उदय ब्ययं ।**
**एकाहं जीवितं सेय्यो, पस्सतं उदय ब्ययं ॥**

उदय ब्ययलाई नदेखिकन सय वर्ष बाँच्नु भन्दा उदय ब्यय लाई देखेर क्षण मात्र बाँच्नु उत्तम छ ।

**यतो यतो सम्मासति खन्धानं उदय ब्ययं ।**
**लभति प्रीति पमोज्जं, अमतं तं विजानतं ॥**

जति पनि पंचस्कन्धको उत्पति र बिनास स्मृति पूर्वक होश राखी हेर्छ, त्यस वाट प्रीति र प्रमोद उत्पन्न हुन्छ र अमृत (निर्वाण) प्राप्त गर्दछ । ●

*२०७४ माघ २० गते, शनिवार*

### विषय– क्रोध पेय्यास (दुक निपात)

*प्रवचक- मदन रत्न मानन्धर*

*प्रस्तुति- सुर्य काजी शाक्य*

यस दिन मदन रत्न मानन्धर ज्यूले १०१ औं कक्षा सञ्चालन गर्नु भयो । यो दिन अंगुत्तर निकाय अन्तर्गत



Downloaded from http://www.dhamma.digital

दुक निपातको क्रोध पेय्यास सुत्र १८१ देखी सुत्र १९० सम्मको धर्म व्याख्या गर्नुभयो ।

सुत्र १८१ भगवान बुद्धले भिक्षुहरूलाई उपदेश दिनु भएको दुई धर्महरू जुन १-५ सम्म छन् ति

१. क्रोध र ईख
२. अरूको गुणलाई छोप्ने र निर्दयी
३. इर्ष्या र कन्जुसी
४. छलकपत र नभएका गुण प्रकाश गर्नु
५. पाप गर्नमा लज्जा नहुनु र नडराउनु

यी १-५ दुई धर्महरू नकारात्मक छन् ।

सुत्र १८२ त्यस्तै भगवान बुद्धले भिक्षुहरूलाई दुई धर्महरूको उपदेश दिनु भएको छ जुन १-५ सम्म छन् ति –

१. अक्रोध र ईख नगर्ने
२. भएको गुणलाई नछोप्ने र दया भाव राख्ने
३. इर्ष्या नगर्ने र कन्जुसी नहुने
४. छलफल नगर्ने र नभएको गुण प्रकाश नगर्ने
५. पाप गर्नमा लज्जा माने र डराउने

यि १-५ दुई धर्महरू सकारात्मक छन् ।

सुत्र १८३ क्रोध र इख, अरूको गुणलाई छोप्ने र निर्दयी, इर्ष्या र कन्जुसी छलकपत र नभएको गुण प्रकाश गर्नु यी दुई धर्महरू जुन नकारात्मक छन् यी धर्महरू भएका ब्यक्तिहरूले दुख भोग गर्ने कुरा भगवान बुद्धले भिक्षुहरूलाई वताउनु भयो ।

सुत्र १८४ अक्रोध र इख नगर्ने, भएको गुणलाई नछोप्ने र दया भाव राख्ने इर्ष्या नगर्ने र कन्जुसी नहुने, छलकपट नगर्ने र नभएको गुण गुण प्रकाश नगर्ने, पाप गर्नमा लज्जा मान्ने र डराउने यी दुई धर्महरू सकारात्मक छन् यी धर्महरू भएका ब्यक्तिले सुख भोग गर्ने कुरा भगवान बुद्धले भिक्षुहरूलाई वताउनु भयो ।

सुत्त १८५ दुई धर्महरू क्रोध र इख, अरूको गुणलाई छोप्ने र निर्दयी इर्ष्या र कन्जूसी, छलकपट, नभएको गुण प्रकाश पार्नु, पाप गर्नमा लज्जा नहुनु र नडराउनु यी धर्म जुन नकारात्मक छन् । यी धर्महरू भएका ब्यक्तिहरूलाई हानीका कारण हुन्छ भनी भगवान बुद्धले भिक्षुहरूलाई उपदेश दिनु भएको छ ।

सुत्र १८६ दुई धर्महरू अक्रोध र इख नगर्ने, भएको गुणलाई नछोप्ने र दया भाव राख्ने, इर्ष्या नगर्ने र कन्जुसी नहुने, छलकफट नगर्ने र नभएको गुण प्रकाश नगर्ने, पाप गर्नमा लज्जा मान्ने र डराउने । यी दुई धर्महरू सकारात्मक छन् र यी धर्महरू भएका ब्यक्तिहरूलाई हानी हुँदैन भनी भगवानले भिक्षुहरूलाई उपदेश दिनु भएको छ ।

सुत्त १८७ दुई धर्महरू क्रोध र इख, अरूको गुणलाई छोप्ने र निर्दयी इर्ष्या र कन्जुरी, छलकपट र नभएको गुण प्रकाश पार्नु, पाप गर्नमा लज्जा नहुनु र नडराउनु यी दुई धर्महरू नकारात्मक छन् । यी धर्महरू भएका ब्यक्तीहरूलाई नरकमा राखी दिए सरह हुन्छ भनी भगवान बुद्धले भिक्षुहरूलाई बताउनु भयो ।

सुत्र १८८ दुई धर्महरू अक्रोध र इख नगर्ने, भएको गुणलाई नछोप्ने र दया भाव राख्ने, इर्ष्या नगर्ने र कजुन्सी नहुने, छलकपट नगर्ने र नभएको गुण प्रकाश नगर्ने, पाप गर्नमा लज्जा मान्ने र डराउने । यी दुई धर्महरू सकारात्मक भएकोले यी धर्महरू भएका ब्यक्तिहरू स्वर्गमा राखी दिए सरह हुन्छ भनी भगवानले भिक्षुहरूलाई वताउनु भयो ।

सुत्र १८९ दुई धर्महरू क्रोध र इख, अरूको गुणलाई छोप्ने र निर्दयी, इर्ष्या र कन्जुसी, छलकपट र नभएको गुण प्रकाश पार्नु, पाप गर्नमा लज्जा नहुनु र नडराउनु यी नकारात्मक धर्महरू भएका ब्यक्तिहरू नरकमा उत्पन्न हुन्छ । यो कुरा भगवान बुद्धले भिक्षुहरूलाई बताउनु भयो ।

सूत्र नं. १९० सकारात्मक दुई धर्महरू अक्रोध र इख नगर्ने, भएको गुणलाई नछोप्ने र दया भाव राख्ने, इर्ष्या नगर्ने र कन्जुसी नहुने, छलकपट नगर्ने र नभएको गुण प्रकाश नगर्ने, पाप गर्नमा लज्जा मान्ने र डराउने । यी दुई धर्म भएका ब्यक्तिहरू मृत्यु पछि स्वर्गलोकमा उत्पन्न हुने कुरा भगवान बुद्धले भिक्षुहरूलाई बताउनु भयो । ●

## विषय – संयुक्त निकाय

*प्रवचक – श्रध्येय भिक्षु शान्तमैत्री*

*प्रस्तुती – सुमित्रा तुलाधर*

यसदिन श्रद्धेय भिक्षु शान्त मैत्रीले संयुक्त निकाय अन्तरगतको वत्थु सुत्त विषयमा प्रवचन गर्नु हुँदै भन्नुभयो– वत्थु सुत्तका उल्लेख भएनुसार पृथ्वीमा



Downloaded from http://www.dhamma.digital

बाँचिरहेका मानिसहरूको लागि भरोसा सन्तान हो । सबभन्दा ठूलो साथी नै आफ्नी श्रीमती हुन् । पानी परेमा मात्र मानिसहरू बाँच्न सक्नेहुन्छ ।

पठमजन सुत्त अनुसार तृष्णाले गर्दा जन्म भइरहन्छ भने जन्मने व्यक्तिको चित्त चञ्चल भई दगुरीरहेको हुन्छ। सत्त्व प्राणीहरू आवागमन (जन्म मरण) को भूमरीमा परिरहेका हुन्छन् । दुःख नै उनीहरूको ठूलो भय हो ।

व्दतियजन सुत्र अनुसारु तृष्णाको कारणले मानिसहरूले बारम्बार जन्म लिइरहेका हुन्छन् उसक चञ्चल चित्त जतातते दगुरिरहेको हुन्छ । सत्त्वप्राणीहरू जन्म मरणको भुमरीमा परिरहेका हुन्छन् । उनीहरूको लागी उनीहरूको कर्म नै भरोसा अर्थात् आश्रय भइरहेको हुन्छ

ततियजन सूत्र अनुसार तृष्णाले मानिसहरूलाई जन्मन लगाउँछ, उसको चित्त जतातते दगुरिरहेको हुन्छ, सत्त्वप्राणीहरू आवागमनको भूमीमा परिरहेका छन् । कर्म नै उनीहरूको भरोसा अर्थात् आश्रय हुन । ●

*२०७४ मंसिर १६ गते, शनिवार*

## विषय – अंगुत्तर निकाय (सभापत्ति वर्ग) दुक निपात (९९औं) कक्ष

*प्रवक्ता- श्री मदनरत्न मानन्धर*

*प्रस्तुती- सुनिता शाक्य*

यस वर्गमा दुई प्रकारको दृष्टीहरू छन् । जस अन्तर्गत अहेतुक दृष्टी र विषय हेतुक दृष्टी हुन् । अहेतुक दृष्टी भन्नाले संसारमा जतिपनि श्रृजना हुन्छन् । विना नाम,रूप आफसें आफैं उत्पन्न हुन्छन् भन्ने मिथ्या धारणालाई वलियोसंग ग्रहण गर्नु हो । तर यथार्थमा भन्ने हो भने संसारमा कार्य कारणवाट अर्थात नाम रूपको कारणवाट सत्त्व प्राणी, संसार, विश्व र ब्राह्माण्डहरू उत्पन्न हुन्छन् ।

त्यसैगरी विषय हेतुक दृष्टी भन्नाले संसारमा सबै ईश्वर निर्मित अर्थात, दृष्टीकर्ता हुन् भन्ने मिथ्या धारणालाई गहिरो रूपले धारणा गर्नु हो । तर वास्तवमा बुझ्नु पर्ने कुरा यो हो कि नाम,रूप, चेतसिक र कार्य कारणवाट नै सबै उत्पन्न हुन्छन् । विना कारण केहि पनि हुन सक्दैन । जति सक्यो छिटो त्यस्तो मिथ्या धारणावाट अलग रहनु सवैको लागी हितकर हुन्छ । त्यति मात्र होइन हामी सवैले शुद्ध धारणा ग्रहण गरि अगाडी वढ्नु पर्दछ । मिथ्या दृष्टी त्यागेर शुद्ध सम्यक दृष्टी धारणा गर्नु पर्दछ । ●

## The Heritage of Nalanda University विषयक प्रवचन

*२०७४ फागुण ४ गते, शुक्रवार । स्थान- धर्मकीर्ति विहार ।*

यसदिन धर्मकीर्ति संरक्षण कोषले “HERITAGE OF NALANDA UNIVERSITY” विषयमा प्रवचन कार्यक्रम आयोजना गरिएको थियो ।



*डा. MEJOR प्रवचन गर्नुहुँदै*

कोषका अध्यक्ष भिक्षुणी धम्मवतीले कार्यक्रममा सहभागीहरूलाई पञ्चशील प्रार्थना गराउनु भएपछि सचिव प्रफुल्ल कमल ताम्राकारले स्वागत मन्तब्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सदस्य नविन चित्रकारले प्रवचक, महोदय पोल्याण्डका Prof. Dr. MAREK MEJOR को संक्षिप्त परिचय प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा प्रवचक MEJOR लाई भिक्षुणी धम्मवतीले धर्मकीर्ति लोगो सम्झनाको चीनो स्वरूप प्रदान गर्नु भएको थियो ।

प्रवचक DR. MAREK MEJOR WARSAW UNIVERSITY OF POLAND को प्रोफेसर हुनुहुन्छ ।

प्रवचन कार्यक्रममा अशोक वज्राचार्य, शाक्य सुरेन, डा. त्रिरत्न मानन्धर लगायत अन्य सहभागीहरूले पनि प्रवचनको विषयमा प्रश्न सोध्नु भई आफ्नो जिज्ञासा प्रस्तुत गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा कोषका कोषाध्यक्ष अजय रत्न स्थापितले धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रम सम्पन्न गर्नुभएको थियो । ●



Downloaded from http://www.dhamma.digital

*( आवरण चित्र परिचयको बाँकी अंश )*

# सात प्रव्रजित

प्रव्रजित हुनेछ, तब सबै राजकुमारले आफू राजकुमार हुँ भन्ने अहम भावलाई तोडी नोकर बनिरहेका हजाम उपालीलाई वन्दना गर्नुपर्नेछ । हजाम उपालिले राजकुमारहरूलाई पहिला वन्दना गर्नुपर्ने छैन ।

दुईवटा महत्त्वपूर्ण तथ्यहरू–

१) उपरोक्त घटनाहरू भन्दा पहिला यो महत्त्वपूर्ण घटना प्रकट भयो– "जो शाक्य उच्चकुलीन हुनुको कारण गर्वले चूर बनिरहेका थिए, उनीहरू मध्ये कसैले भगवान् बुद्धको उपदेश सुनी हामी शाक्य जस्तो उच्च कुलीनका व्यक्ति हौं" भन्ने मिथ्या मान्यता जस्तो अहम भाववाट बाहिर उम्कन सफल भइसकेका थिए ।

२) दोश्रो महत्त्वपूर्ण तथ्य यस्तो प्रकट भएको छ "कोही पनि बुद्ध मोक्षदाता हुनुहुन्न । केवल उहाँहरू मार्गदाता मात्र हुनुहुन्छ । हरेक व्यक्तिले स्वयं आफ्नो पराक्रम र पुरूषार्थबाट नै दुःखबाट मुक्त हुनु पर्नेछ ।

**तुम्हेहि किच्चमातप्पं, अक्खातारो तथागत ।**

*- धम्मपद २७६, मग्गवग्गो*

यदि भगवान् बुद्ध मोक्षदाता हुनुहुन्छ भने कसैलाई चाँडै र कसैलाई ढीला अरहत्त्व प्राप्त किन हुने गर्छ ? भिक्षु आनन्द जुन भगवान् बुद्धका नीजिं सेवक हुनुहुन्थ्यो, उहाँले भगवान् बुद्धको जीवनकालमा नै किन अरहन्त हुनु सक्नु भएन ?

साँच्चै हो आफ्नो मुक्ति आफ्नै हातमा छ । आफ्नो परिश्रम र आफ्नो परूषार्थमा मुक्ति भर परेको हुन्छ । ●

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**



**दिवंगत गंगा शाही**

मरूढोका, काठमाडौं

जन्म :
बि.सं. १९९२ मंसिर ५ गते

दिवंगत :
बि.सं. २०७४ बैशाख ३० गते

हाम्री ममतामयी माता **गंगा शाही** ८२ वर्षको उमेरमा दिवंगत हुनुभयो । माताको अमूल्य गुणानुस्मरण गर्दै उहाँको पुण्य स्मृतिमा पुण्यानुमोदन गर्दछौं ।

यस दुःखड घडीमा धैर्य धारण गर्नका लागि हामीलाई मैत्रीपूर्वक सहयोग गर्नुहुने छिमेकी, नाता, कुटुम्व लगायत साथी भाईहरूलाई साधुवाद व्यक्त गर्दछौं ।

**दिदी– देव माया शाही**

| छोरा | बुहारी | छोरी | ज्वाईं |
|---|---|---|---|
| **पुष्प** | **दुर्गा** | **रामप्यारी** | **हरी प्रसाद** |
| **विष्णु** | **शान्ति** | **भवानीलक्ष्मी** | **भाई काजी** |
| | | **बुद्धलक्ष्मी** | |
| | | **प्रमीता** | **योगेश** |



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

## थाइलैण्ड र म्यानमार भ्रमण

धम्मवती गुरूमांको अनुमतिबाट, केशावती गुरूमांको नेतत्त्व एवं उद्योग रत्न तुलाधरको सहयोगमा धर्मकीर्ति विहारबाट २०७४ साल पौष २१ गते देखि माघ ५ गते सम्म ३२ जना नेपाली यात्रीहरूले थाइलैण्ड र म्यानमारका पवित्र तीर्थ स्थलहरूको भ्रमण सम्पन्न गरे को समाचार प्राप्त भएको छ ।

उक्त यात्री समूहले भ्रमण गरेका तीर्थ स्थलहरू यसरी रहेका छन् –

**पवित्र मन्दिरका नामावली (म्यानमार)**–

रंगुनको स्वेदगों चैत्य, च्याइथियू चैत्य, माण्डले स्थित महामुनि फयाः नयाँ सहर नेपिदोमा निर्मित बुद्धगया, लुम्बिनी, सारनाथ, कुशीनगर, नेपिदो सहरमा नै निर्मित स्वेदगों चैत्य, भ्रुगाइँको विहार, सितगु विहार, छैठौं संगायनामा सम्पन्न गरिएको गुफा र भगवान बुद्धको जीवनी संग सम्बन्धित गुफाहरू । दो गुणवती गुरूमां (वर्मी गुरूमां) रहनु भएको रंगुन स्थित म्यानमार नेपो च्याउँ अर्थात् म्यानमार नेपाल विहारमा पनि गई दान प्रदान गरी गुरूमांको आशिर्वाद थापियो ।

यसरी नै नेपालबाट म्यानमारमा गई बुद्ध शिक्षा अध्ययन गरिरहनु भएका नेपाली भन्तेहरू, नेपाली गुरूमांहरूलाई भेटी दान प्रदान एवं भलाकुसारी ।

बर्मामा विहार स्थापना गरी वस्नु भएका अन्य गुरूमां मोलिनीको विहारमा पनि पुगी दानप्रदान गरियो ।

यसरी नै ध्यान गुरूं ऊ, वा खीन ध्यान केन्द्र भ्रमण गरी ध्यान गरियो । यसरी दश दिन म्यानमार भ्रमण सम्पन्न गरी थाइलैण्ड पुगियो । थाइलैण्डमा भ्रमण गरिएका पवित्र तीर्थस्थलहरू यसरी रहेका छन्–

– इमरल्ड बुद्ध मन्दिर, अरूण विहार, फो विहार, शाकेत विहार, एक धिक्का सुनले बनाइएको बुद्ध मित्र विहार, नखोम पथोम, बुद्ध मण्डल अयुध्या, सफरी वर्ल्ड धम्मकाय विहार आदि ।

त्यसपछि नेपाली गुरूमांहरूले बुद्ध शिक्षा अध्ययन गरेको विहार शान्तिसुखमा गई त्यहाँका ५० जना थाइ गुरूमांहरूलाई भोजन दान गरी परित्राण पाठ एवं दान प्रदान गरियो भने उक्त विहारमा प्रमुख गुरूमां छामचितबाट धर्मदेशना सुनियो ।

यस भ्रमणले संचय गरिएको पुण्यले गुरू भिक्षुणी धम्मवतीको सुस्वास्थ्य कामना गर्नुका साथै सकल प्राणीहरूको मंगल कामना पनि गरिएको विवरण समाचार मा उल्लेख गरिएको छ ।

## २५६२ औं आयु संस्कार परित्याग दिवस

*माघ पूर्णिमा ।*

*स्थान- नगदेश, बुद्ध विहार, ठिमी ।*

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा तथागत गौतम बुद्ध द्वारा चापाल चैत्यमा आयु संस्कार परित्याग गर्नु भएको संस्मरणमा २५६२ औं आयु संस्कार परित्याग दिवस मनाइएको समाचार छ ।

प्राप्त समाचार अनुसार कार्यक्रमका प्रमुख अतिथि भिक्षु वरसम्बोधिले उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा ल्यायम्ह पुचःका अध्यक्ष शिवभक्त मेजुले स्वागत मन्तव्य दिनु भएको थियो भने डा. अनुप श्रेष्ठाचार्य, डा. लक्ष्मण शाक्य प्रा. राम कृष्ण दुवाल, र समूहका सचिव उपासक कृष्ण कुमार प्रजापति आदिबाट आयु संस्कार परित्याग दिवसको विषयमा चर्चा गर्नु भएका थिए । समूहका कोषाध्यक्ष रत्न भक्त हाँय्जुले धन्यवाद मन्तव्य दिनु भएको उक्त कार्यक्रममा समूहका अध्यक्ष दीपकराज साँपालले आफ्नो छोटो मन्तव्य सहित सभा विसर्जन गर्नुभएको थियो ।

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगति कामना गर्दै दुर्गा उपासिकाबाट रू. ५००/– चन्दा सहयोग प्रदान गर्नुभएको छ । धर्मकीर्ति पत्रिका यस सहयोगको लागि साधुवाद व्यक्त गर्दछ ।



Downloaded from http://www.dhamma.digital

## बुद्धमूर्ति अनावरण

*२०७४ फागुण ७ गते, सोमवार*
*स्थान- नगदेश ।*

श्रद्धेय श्रामणेर नन्दले मित्रराष्ट्र श्रीलङ्काका दाता तुलञ्जना कुसुम श्रवद्धनेबाट दान गरिएको ३'६" को बुद्धमूर्ति श्रद्धेय भिक्षु पञ्ञासारबाट अनावरण गरिएको समाचार प्राप्त भएको छ। प्रमुख अतिथि भिक्षु पञ्ञासारले पञ्चशील प्रार्थना गराउनुभई धर्मदेशना गर्नुभएको उक्त कार्यक्रममा नगदेश बौद्धसमूहका सचिव कृष्णकुमार प्रजापतिले बुद्धमूर्ति स्थापना गर्नुको महत्त्व दर्शाउनुहुँदै आफ्नो मन्तव्य व्यक्त धन्यवादज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा श्रद्धेय नन्द श्रामणेरका जन्मदाता माता-पिता, ठूलो बुबा र काकाहरू जसले बुद्धमूर्ति निर्माण कार्यमा स्वयम् डकर्मी भई सहयोग गर्नुभएका थिए, उहाँहरूलाई प्रमुख अतिथि भन्तेज्यूबाट खाडा ओढाई सम्मान गर्नुभएको थियो ।

- **हिंसा गर्ने व्यक्तिलाई आर्य भनिन्दैन । कुनै पनि प्राणीलाई हिंसा नगर्ने व्यक्तिलाई मात्र आर्य भनिन्छ ।**
- **गोठालोले गाईहरूलाई लट्ठीले धपपाउँदै लगे जस्तै संसारवासी प्राणीहरूको आयुलाई जरा मरणले धपाउँदै लगिरहेको छ ।**
- **आकाश, समुद्र, पर्वतको खोपिल्टो आदि जुनसुकै स्थानहरूमा लुक्न गएपनि मरण भयबाट बच्न सकिने प्रदेश यस लोकमा कहिं पनि छैन ।**
- **सबै प्राणीहरू दण्ड देखेर डराउने गर्छ । सबै मृत्यु देखेर डराउँछन्। त्यसैले सबै प्राणीहरूलाई आफू समान ठानी घात नगर्नु र नगराउनु ।**

**– *धम्मपद***

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
बि.सं. १९८८ जेठ १५ गते,
अष्टमी

*दिवंगत :*
बि.सं. २०७४ माघ २१ गते,
चतुर्थी

## दिवंगत बेटीमाया मुनिकार

त्यौड, तंलाछी, गुखाननी, का.म.पा. २७

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य (सदस्यता नं. ५३८) बेटीमाया मुनिकार दिवंगत हुनु भयो । यस दुखद घडीमा उहाँका परिवारले प्रकृतिको अनित्य, दुःख र अनात्म स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् । दिवंगत उपासिकालाई सुगती प्राप्त भई निर्वाणको हेतु पनि प्राप्त होस् भन्ने कामनाका साथ पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघः



Downloaded from http://www.dhamma.digital

# चारधाम बौद्ध तीर्थयात्रा सम्पन्न



*शाक्यधीता नेपालको आयोजनामा आयोजित चारधाम यात्रामा सहभागी धर्मकीर्ति विहारका गुरुमांहरू र उपासक उपासिका समूह ।*

शाक्यधीता नेपालको आयोजनामा धर्मकीर्ति विहारका गुरूमांहरू मेत्तावती र इन्दावतीको संयोजकत्त्व, एवं भिक्षु संघरक्षितको सहयोगमा ५१ जना यात्रीहरूले भारतमा चारधाम बौद्ध तीर्थ यात्रा सम्पन्न गरेको समाचार प्राप्त भएको छ । भन्ते, गुरूमां र उपासक उपासिका समूह समेटिएको. उक्त यात्रीहरूको टोलीले २०७४ मंसीर २७ गते देखि पौष १२ गते सम्म जम्मा १५ दिनको यात्रामा लुम्बिनी, कुशीनगर, सारनाथ, वाराणसी), कौशाम्बि, संकाश्य, लखनउ, श्रावस्ती आदि पवित्र तीर्थस्थलहरू भ्रमण गरेका थिए ।

# सारनाथमा प्रव्रज्या दिवस २०७४

*स्थान- सारनाथ ।*

सासनधज धम्माचरिय अग्गमहागन्थकवाचक पण्डित भिक्षुणी धम्मवतीको ८४ औं जन्मोत्सवको शुभउपलक्ष्यमा धर्मकीर्ति विहारले बौद्ध तीर्थ स्थल सारनाथमा यही फागुण को दोश्रो हप्ता मा प्रव्रज्या दिवस २०७४ मनाइरहेको छ। उक्त कार्यक्रममा सहभागी हुनको लागि भिक्षुणी केशावतीको अगुवाईमा उपासकोपासिकाहरू फागुण १४ गते सोमबार काठमाडौंबाट सारनाथ प्रस्थान गरिसकेको छ ।

**✿ "जसरी फलामबाट निस्केको खियाले फलामलाई नै खान्छ, त्यसरी नै केवल सदाचारको उल्लंघन गर्ने व्यक्तिलाई उसको कर्मले उसलाई नै दुर्गतीमा पुऱ्याउँछ ।"**


**✿ "संसारमा आमा बाबु सेवा गर्नु सुख हो, श्रमणभाव पनि सुख नै हो र पाप रहित भै ब्राह्मणभाव झन् सुख हो । – धम्मपद**

मुद्रकः न्यू नेपाल प्रेस *प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
*सम्पर्क कार्यालय:* शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभारः बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

६ जना शाक्य राजकुमारहरूलाई प्रव्रजित गर्नु अगाडि
भगवान् बुद्धले उपाली नाऊलाई प्रव्रजित गर्नुहुँदै

वर्ष-३५; अङ्क-११

बु.सं. २५६१, फागु पुन्हि

Downloaded from http://www.dhamma.digital

*आवरण चित्र परिचय*

# सात प्रव्रजित

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद*- **वीर्यवती**

**१) राजकुमार अनुरुद्ध**

'अनुरुद्ध' महाराजा शुद्धोदनका भाई अमृतोदनका छोरा थिए। अनुरुद्धले आफ्नो भाई महानामलाई पारिवारिक जिम्मेवारी सुम्पेर शाक्य राजकुमार भद्दियसँग नै प्रव्रजित भए। प्रव्रजित जीवन बिताएपछि चाँडै नै उनले अरहन्त (दु:खबाट मुक्ति अवस्था) का साथै दिव्यचक्षु अभिज्ञान पनि उपलब्ध गरे, जुन क्षेत्रमा उनी अग्र भएका थिए।

**२) राजकुमार भद्दिय**

'भद्दिय' प्रव्रजित भएको वर्षावास अवधिभित्र नै अरहन्त भए। वनमा एक्लै बसिरहने समयमा उनले आफ्नो पवित्रमनबाट प्राप्त भएको मानसिक सुखको अनुभव गर्दै यसरी उद्‌गार व्यक्त गऱ्यो– "अहो सुख ! अहो सुख !" यस्तो वाक्य सुनेका व्यक्तिहरूले यसको कारण उसकहाँ सोध्न जाँदा, उसले यसरी स्पष्टीकरण दिने गर्थ्यो–

"राजकाजको जिम्मेवारी निभाउँदानिभाउँदै कतिपय अङ्गरक्षकहरूले घेर्न लगाई सधैं भयभीत र दु:खी बनी दिन बिताउनुपर्थ्यो। तर अहिले यस खुला वनप्रदेशमा निर्भयपूर्वक एक्लै रहन पाउँदा मेरो मनले ज्यादै सुखको अनुभव गर्न पाइरहेको छु। मनले निर्वाण परमसुख (सांसारिक दु:खबाट मुक्त अवस्था) भोग्ने मौका पाइरहेको छु।

**३) आनन्द**

आनन्द पनि अमृतोदनका छोरा थिए। अनुप्रियाको आम्रवनमा अन्य राजकुमारहरूसँगै प्रव्रजित भई उनी श्रोतापन्न भए। भगवान् बुद्ध परिनिर्वाण हुनुभएपछि प्रथम सङ्गायना आरम्भ हुनु केही समयअगाडि भिक्षु आनन्द अरहन्त भएका थिए।

**४) राजकुमार भगु**

भगु पनि अन्य राजकुमारहरूसँगै प्रव्रजित भएका थिए। ज्यादै अल्छी स्वभावका व्यक्ति भएको कारणले उसले अरहन्त अवस्था प्राप्त गर्नको लागि अरूभन्दा पछि नै परेका थिए।

**५) शाक्य कुमार किमिल**

किमिल पनि अन्य राजकुमारहरूसँगै प्रव्रजित भएका थिए। प्रव्रज्या जीवन बिताउनुअगाडि उनले आफ्नो जीवन भोगविलासमा बिताइरहेको कारणले उनले अरहन्त अवस्था प्राप्त गर्नको लागि धेरै समय लगाउनुपरेको थियो।

**६) देवदत्त**

देवदत्त कोलिय राजा सुप्पबुद्धका छोरा थिए। आफ्नो बुबाले जस्तै उसले पनि सिद्धार्थप्रति द्वेष र द्रोहभाव राख्ने गर्थ्यो। सिद्धार्थकुमारले बुद्धत्त्व प्राप्त गरी सम्यक सम्बुद्ध हुनुभयो र उहाँको प्रसिद्धी र ख्याति फैलिँदै गयो, मान-सम्मान प्राप्त भयो, तब देवदत्तलाई पनि श्रमण बनी ध्यान-विद्याले पारङ्गत भई राजामहाराजाहरूबाट पूज्य बनुँ भन्ने धारणा जाग्यो। यही उद्देश्य लिई उनी अन्य शाक्य राजकुमारहरूसँगै अनुप्रियाको आम्रवनमा प्रव्रजित भए। उसले विपश्यना विद्या अभ्यास नगरीकन आठौं ध्यानको अभ्यास गरी लौकिक ऋद्धिहरू प्राप्त गऱ्यो। यही ज्ञानलाई प्रयोग गर्दै ऊ सन्तुष्ट भइरहे।

**७) उपालि**

जब राजकुमारहरूले आफ्नो सबै आवरण-आभूषण उतारेर राजघरानका हजाम उपालिलाई सुम्पिदिएर उसलाई ती आभूषण दरबारमा लैजानका लागि आज्ञा दिए, तब उपालि यस आज्ञालाई शिरोपर गर्दै केही परसम्म फर्किसकेका थिए। तब उसले यसरी सोच्न थाल्यो– "सबै राजकुमारहरूले सबै त्याग गरी प्रव्रजित भए। प्रव्रजित जीवनमा अवश्य पनि धेरै सुखदायी हुनुपर्छ। म पनि उनीहरूसँगै प्रव्रजित हुनुपऱ्यो।

यति सोची ऊ आम्रवनमा नै फर्क्यो र भगवान् बुद्धसँग प्रव्रज्या हुनुको लागि प्रार्थना गऱ्यो। उनले प्रव्रज्या मागेपछि शाक्य राजकुमारहरूले पहिला हजाम उपालीलाई पहिला प्रव्रज्या दिलाउन भगवान् बुद्धसमक्ष बिन्ती चढाए। उनीहरूको भनाइअनुसार जब हजाम उपालि पहिला

*( बाँकी पेज २३ पेजमा )*

Downloaded from http://www.dhamma.digital